# जिल्ला विकास समिति


१. **उद्देश्य** – विकेन्द्रीकरणको माध्यमद्वारा सार्वभौमसत्ता सम्पन्न जनतालाई शासन प्रक्रियामा अधिकाधिक मात्रामा सम्मिलित हुने अवसर जुटाई प्रजातन्त्रका लाभहरुको उपभोग गर्नसक्ने व्यवस्था गर्न र क्षेत्रगत विकासको लागि साधनको परिचालन गरी विकासको प्रतिफलको सन्तुलित वितरणमा समानता ल्याउने कार्यमा समग्र जनताको सहभागिता अभिवृद्धि गर्दै विकास प्रक्रियालाई संस्थागत गरी आयोजनाको तर्जुमा र सञ्चालन गर्न आवश्यक जिम्मेवारी र अधिकार स्थानीयस्तरमा नै प्रदान गरी जवाफदेही बहन गर्नसक्ने स्थानीय निकायहरुको संस्थागत विकास गर्ने उद्देश्यले स्थानीय निकाय गठन भएको हो ।

## लेखापरीक्षण भएका निकायको विवरण

२. **लेखापरीक्षण** – जिल्ला विकास समितिको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट हुने स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २३२(२) को व्यवस्था अनुरुप २०६३।६४ को ७५ जिल्ला विकास समिति तथा स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २७५(१) अनुसार गठन भएका ७५ स्थानीय विकास कोषको आय व्यय हिसावको लेखापरीक्षण सम्पन्न गरिएको छ । जिल्ला विकास समितिहरुको २०६३।६४ को समग्र आय व्ययको लेखापरीक्षण स्थिति निम्नानुसार छः

| लेखापरीक्षण गर्नुपर्ने निकाय | लेखापरीक्षण गर्नुपर्ने आर्थिक वर्ष संख्या | | लेखापरीक्षण सम्पन्न | | लेखापरीक्षण हुन बाँकी आर्थिक वर्ष संख्या |
|---|---|---|---|---|---|
| | यो वर्ष | बक्यौता | आर्थिक वर्ष संख्या | रकम (रु.हजारमा) | |
| जिल्ला विकास समिति कोष | ७५ | ७ | ७५ | १६,३२,३३,१० | ७ |
| स्थानीय विकास कोष | ७५ | ३ | ७५ | १,२३,३०,२९ | ३ |
| **जम्मा:** | १५० | १० | १५० | १७,५५,६३,३९ | १० |

- *लेखापरीक्षण सम्पन्न रकममा कोषको आम्दानी र खर्च समावेश छ । गत वर्षको जिम्मेवारी र यो वर्षको मौज्दात रकम समावेश गरिएको छैन । आय व्ययको तुलनात्मक स्थिति निम्नानुसार चार्टमा प्रस्तुत गरिएको छः*



स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २२२(६) अनुसार लेखाप्रमुखले जिल्ला विकास समितिको आम्दानी खर्चको लेखा राख्नुपर्ने र ती लेखाको लेखापरीक्षण गराउनुपर्ने उल्लेख छ । तदनुरुप लेखा पेश गरी लेखापरीक्षण नगराउने पदाधिकारी उपर कारबाही हुने नगरेकोले निम्नानुसार लेखापरीक्षण बाँकी रहेको छ:

२.१. जिल्ला विकास समिति कास्कीले २०४५।४६ र २०४६।४७, अर्घाखाँचीले २०४६।४७ र २०५८।५९, चितवनले २०५३।५४ र २०५४।५५ र जुम्लाले २०६०।६१ को लेखापरीक्षण नगराएको व्यहोरा गत विगत प्रतिवेदनमा समावेश गरिएकोमा यो वर्षपनि लेखापरीक्षण गराएका छैनन् ।

२.२. जिल्ला विकास समिति भोजपुर, गुल्मी र हुम्लाले २०६२।६३ को स्थानीय विकास कोषतर्फको आय व्ययको हिसाव लेखापरीक्षण गराएका छैनन् ।

२.३. नेपाल र क्यानाडा सरकारको सहयोगमा नवलपरासी जिल्लाका ५ गाउँ विकास समितिमा सञ्चालित गाउँ वातावरणीय विकास आयोजनाको लागि निकासा भएको रु.३० लाख ७ हजार र गत वर्षको रु.२० लाख ३४ हजार समेत रु.५० लाख ४१ हजारको लेखापरीक्षण गराएका छैनन् ।

२.४. जिल्ला विकास समितिको कार्यालय अछामले महिला तथा बालबालिकाका लागि विकेन्द्रित कार्यक्रमतर्फ खर्च गरेको रु.६७ लाख ३६ हजारको स्रेस्ता लेखापरीक्षण गराएको छैन ।

२.५. जिल्ला विकास समितिको कार्यालय, सप्तरीले भारतीय सहयोग अन्तर्गतको राष्ट्रिय जनता मा.वि. ब्रम्हपुरको लागि रु.१७ लाख ८५ हजार निकासा देखाएकोमा सो कारोबारको लेखापरीक्षण गराएको छैन ।

३. **आर्थिक कारोबार** – जिल्ला विकास समितिको २०६३।६४ को आय–व्ययको समग्र तुलनात्मक स्थिति देहाय अनुसार रहेको छ:

(रु.हजारमा)

| कारोबार | जिल्ला विकास समिति कोष | | स्थानीय विकास कोष | | जम्मा | |
|---|---|---|---|---|---|---|
| आय | यो वर्ष | गत वर्ष | यो वर्ष | गत वर्ष | यो वर्ष | गत वर्ष |
| गत वर्षको जिम्मेवारी | १,५०,६३,३५ | १,१२,६९,१२ | ४०,८९,३५ | ३९,६८,७० | १,९१,५२,७० | १,५२,३७,८२ |
| नेपाल सरकारको अनुदान | ५,३३,९८,०७ | ३,२३,०६,७४ | ० | ० | ५,३३,९८,०७ | ३,२३,०६,७४ |
| आन्तरिक स्रोत | १,६१,१४,८० | १,३९,७५,६१ | ० | ० | १,६१,१४,८० | १,३९,७५,६१ |
| धरौटी | ४५,६२,५१ | २६,२३,९३ | ० | ० | ४५,६२,५१ | २६,२३,९३ |
| अन्य | १,००,२७,२६ | ९०,३१,४५ | ६३,६०,२९ | ५५,५९,७३ | १,६३,८७,५५ | १,४५,९१,१८ |
| **जम्मा:** | **९,९१,६५,९९** | **६,९२,०६,८५** | **१,०४,४९,६४** | **९५,२८,४३** | **१०,९६,१५,६३** | **७,८७,३५,२८** |
| **व्यय** | | | | | | |
| बजेट खर्च | ६,३६,८४,८७ | ४,३९,३३,३८ | ५८,४९,०१ | ५५,६७,०९ | ६,९५,३३,८८ | ४,९५,००,४७ |
| अन्य खर्च | ९०,५३,९३ | ५२,५०,२३ | ० | ० | ९०,५३,९३ | ५२,५०,२३ |
| पेश्की खर्च | २७,२५,७४ | २४,२२,७२ | १,२०,९९ | ८६,९३ | २८,४६,७३ | २५,०९,६५ |
| धरौटी खर्च | ३६,६५,९२ | २३,८१,२२ | ० | ० | ३६,६५,९२ | २३,८१,२२ |
| मौज्दात | २,००,३५,५३ | १,५२,१९,३० | ४४,७९,६४ | ३८,७४,४१ | २,४५,१५,१७ | १,९०,९३,७१ |
| **जम्मा:** | **९,९१,६५,९९** | **६,९२,०६,८५** | **१,०४,४९,६४** | **९५,२८,४३** | **१०,९६,१५,६३** | **७,८७,३५,२८** |

- जिल्ला विकास समिति कोष र स्थानीय विकास कोषको आय–व्ययको जिल्लागत विवरण क्रमश: अनुसूची १ र ५ मा उल्लेख छ ।

- पचहत्तर जिल्ला विकास समिति कोषको गत वर्षको मौज्दात रु.१ अरब ५२ करोड १९ लाख ३० हजार भएकोमा यो वर्ष ३१ समितिले रु.४ करोड ८६ लाख २३ हजार बढी र १९ समितिले रु.६ करोड ४२ लाख १८ हजार घटी जिम्मेवारी सारेका कारण यो वर्ष रु.१ अरब ५० करोड ६३ लाख ३५ हजार जिम्मेवारी सारेका छन् । त्यस्तै ७२ जिल्ला विकास समितिले स्थानीय विकास कोषको गत वर्ष रु.३८ करोड ७४ लाख ४१ हजार मौज्दात देखाएकोमा १६ समितिले रु.२ करोड २६ लाख ७६ हजार घटी र १९ समितिले रु.४ करोड ४१ लाख ७० हजार बढी जिम्मेवारी सारेको कारण रु.४० करोड ८९ लाख ३५ हजार जिम्मेवारी

(अनुसूची ७ र १०) सारेको छ । जिम्मेवारी घटी/बढी सारेको सम्बन्धमा आवश्यक छानबिन गरी कारबाही गर्नुपर्दछ ।


## लेखापरीक्षणबाट देखिएका बेरुजूको स्थिति

४. **बेरुजू** – यो वर्ष जिल्ला विकास समिति कोष र स्थानीय विकास कोषको कुल बेरुजू निम्नानुसार रु.८५ करोड ५१ लाख २० हजार रहेको छ:

(रु.हजारमा)

| विवरण | जिल्ला विकास कोषतर्फ | स्थानीय विकास कोषतर्फ | कुल जम्मा |
|---|---|---|---|
| **असुल फछ्र्यौट गर्नुपर्ने** | **९,०१,०९** | **३,८८,०१** | **१२,८९,१०** |
| हानी नोक्सानी पारेको | ३२ | ० | ३२ |
| अन्य असुल गर्नुपर्ने | ९,००,७७ | ३,८८,०१ | १२,८८,७८ |
| **नियमित गर्नुपर्ने** | **४२,३७,४३** | **२,१९,७२** | **४४,५७,१५** |
| • अनियमित भएको | २७,०१,१६ | ३९,१० | २७,४०,२६ |
| • प्रमाणका कागजात पेश नगरेको | १४,०५,०२ | १,६०,४६ | १५,६५,४८ |
| • जिम्मेवारी नसारेको | ० | ० | ० |
| • शोधभर्ना नलिएको | १,३१,२५ | २०,१६ | १५१४१ |
| **पेश्की** | **२६,८३,९६** | **१,२०,९९** | **२८,०४,९५** |
| **जम्मा:** | **७८,२२,४८** | **७,२८,७२** | **८५,५१,२०** |

- बेरुजू वर्गीकरण निम्न चार्टमा देखाइएको छ:




- ***बेरुजूको जिल्लागत विवरण अनुसूची २ र ६ मा उल्लेख छ ।***

उल्लिखित बेरुजूमध्ये रु.२ करोडभन्दा बढी बेरुजू हुने निम्नानुसार ११ जिल्ला विकास समिति रहेका छन् ती समितिहरुको बेरुजू रु.३३ करोड ४१ लाख ९१ हजार (कुल बेरुजूको ४२ प्रतिशत) रहेको छ:

(रु.हजारमा)

| क्र.सं. | जिल्ला विकास समिति | बेरुजू रकम | कुल बेरुजूको प्रतिशत |
|---|---|---|---|
| १. | सप्तरी | ३,९८,७५ | ५ |
| २. | धनुषा | २,४०,०४ | ३ |
| ३. | सर्लाही | ३,७८,०७ | ५ |
| ४. | रौतहट | ३,१४,०४ | ४ |
| ५. | पर्सा | ४,२१,९६ | ५ |
| ६. | भक्तपुर | २,२५,४८ | ३ |
| ७. | काठमाडौं | ३,४०,६५ | ४ |
| ८. | तनहूं | २,११,९७ | ३ |
| ९. | कालिकोट | २,३९,३७ | ३ |
| १०. | कैलाली | ३,२९,७८ | ४ |
| ११. | कञ्चनपुर | २,४१,८० | ३ |
| | **जम्मा** | **३३,४१,९१** | **४२** |

- उपरोक्तानुसार बेरुजू रहनुमा कर दस्तुर समयमा ठेकेदारहरुसँग असुल नहुनु, वर्षौंसम्म असुल गर्नुपर्ने रकम असुल नगर्नु, असुली भएको रकम समयमै बैङ्क दाखिला नगर्नु, मौज्दात रकम फरक परेकोमा छानबिन नगर्नु, स्थानीय स्वायत्त शासन नियमावली, २०५६ ले तोकेकोभन्दा बढी आर्थिक सुविधा दिनु, बिल भरपाई बेगर खर्च लेख्नु, ऐन नियमले तोकेको सीमा नघाई आर्थिक सहायता वितरण गर्नु, समयमा शोधभर्ना लिनु/दिनु नगर्नु, अग्रिम आयकर कट्टा नगर्नु र कट्टी गरेको अग्रिम आयकर सञ्चितकोष दाखिला नगर्नु जस्ता व्यहोरा देखिएका छन् ।

५. **कर दस्तुर** – स्थानीय स्वायत्त शासन ऐन, २०५५ को परिच्छेद (६) अनुसार समितिले कर, दस्तुर, सेवा शुल्क, भाडा आदि उठाउन सक्ने र ऐनको दफा २६० बमोजिम यस्तो रकम असुल नभएमा सरकारी बाँकी सरह असुल गर्नुपर्ने व्यवस्था छ । जिल्ला विकास समिति ६२ ले कर, दस्तुर आदि उठाउने ठेकेदारहरुबाट गत वर्षसम्मको रु.२० करोड ११ लाख ४९ हजार र यो वर्षको रु.३ करोड २५ लाख ५६ हजार समेत रु.२३ करोड ३७ लाख ५ हजार (अनुसूची १२) असुल गरेका छैनन् । असुल गर्न बाँकीको मुख्य उदाहरण तल दिइएको छः

५.१. जिल्ला विकास समिति झापा, पर्सा, धादिङ, कपिलवस्तु र रुपन्देहीको असुल गर्नुपर्ने कर दस्तुर रु.१० करोड २५ लाख ६७ हजार (४४ प्रतिशत) बाँकी देखिएको छ । त्यस्तो रकम असुल गर्नुपर्ने व्यहोरा गत वर्षको प्रतिवेदनमा उल्लेख गरेकोमा यो वर्ष पनि असुल गरेको पाइएन ।

५.२. जिल्ला विकास समितिको कार्यालय सप्तरीले यो वर्ष कृषि तथा पशुजन्य बस्तु सम्बन्धी ठेक्का लिने एक ठेकेदारबाट रु.८० लाख दाखिला गर्ने गरी ठेक्का सम्झौता गरेकोमा रु.५४ लाख २१ हजारमात्र असुल गरेको देखिएकोले बाँकी रु.२५ लाख ७९ हजारको असुली सम्बन्धमा कारबाही गरेको देखिएन ।

५.३. जिल्ला विकास समितिको कार्यालय, कपिलवस्तुले गत वर्षको ७४ ठेकेदारसँग रु.२ करोड ५१ लाख ५७ हजार र यो वर्षको ४ ठेकेदारसँग रु.१९ लाख ३७ हजार उठाउन बाँकी रहेकोमा असुल भएको पाइएन ।

६. **पेश्की** – कर्मचारी, पदाधिकारी र उपभोक्ता समितिलाई दिएको विगत वर्षको पेश्की रु.८८ करोड १६ लाख ६२ हजार रहेकोमा यो वर्ष कार्यालयहरुले पेश गरेको विवरण अनुसार रु.८६ करोड ९१ लाख ७६ हजार जिम्मेवारी सारेको पाइयो । जिम्मेवारी सार्दा जिल्ला विकास समिति २३ ले रु.४ करोड ५३ लाख ६८ हजार बढी र २५ जिल्ला विकास समितिले रु.५ करोड ७८ लाख ५४ हजार घटी जिम्मेवारी सारेको कारण रु.१ करोड २४ लाख ८६ हजार घटी जिम्मेवारी सारेको (अनुसूची ३ र ९) पाइयो । । गत वर्षसम्मको पेश्कीमध्ये यो वर्ष रु.१४ करोड ५ लाख ६७ हजार फछ्र्यौट भई बाँकी रहेको रु.७२ करोड ८६ लाख ९ हजारमा यो वर्ष रु.२६ करोड ८३ लाख ९६ हजार पेश्की थप भई वर्षान्तमा रु.९९ करोड ७० लाख ५

हजार पेश्की बाँकी रहेको छ । स्थानीय विकास कोषतर्फ विगत वर्षहरुको बाँकी पेश्कीको एकीकृत विवरण लिने नगरेकोले फछ्र्यौट र बाँकीको अवस्था यकिन हुनसकेको छैन । यस वर्ष स्थानीय विकास कोषतर्फ रु.१ करोड २० लाख ९९ हजार पेश्की फछ्र्यौट हुन बाँकी समेत रहेको छ ।

यो वर्ष दिएको पेश्कीमध्ये रु.१ करोडभन्दा बढी फछ्र्यौट हुन बाँकी निम्न ७ जिल्ला विकास समितिको पेश्की रु.९ करोड २२ लाख ६५ हजार (३४ प्रतिशत) रहेको छ:

(रु.हजारमा)

| क्र.सं. | जिल्ला विकास समिति | पेश्की बाँकी | क्र.सं. | जिल्ला विकास समिति | पेश्की बाँकी |
|---|---|---|---|---|---|
| १. | सप्तरी | १,१७,१५ | ५ | ललितपुर | १,१६,६९ |
| २. | सिरहा | १,००,३८ | ६ | काठमाडौं | १,३६,९२ |
| ३. | पर्सा | १,५१,९६ | ७ | रुपन्देही | १,५०,५६ |
| ४. | भक्तपुर | १,४८,९९ | | **जम्मा:** | **९,२२,६५** |

जिल्ला विकास समिति ९ ले रु.३ करोडभन्दा बढी पेश्की बाँकी राखेको पाइयो । ती समितिको मात्र रु.३४ करोड ८४ लाख ८९ हजार पेश्की (कुल पेश्कीको ३५ प्रतिशत) रहेको छ:

(रु.हजारमा)

| क्र.सं. | जिल्ला विकास समिति | पेश्की रकम | क्र.सं. | जिल्ला विकास समिति | पेश्की रकम |
|---|---|---|---|---|---|
| १ | बारा | ४,२८,७८ | ६ | नवलपरासी | ३,९०,०४ |
| २ | पर्सा | ३,४९,६४ | ७ | रुपन्देही | ४,९८,९६ |
| ३ | काभ्रेपलान्चोक | ३,४७,५६ | ८ | रोल्पा | ३,१०,०२ |
| ४ | भक्तपुर | ३,९८,३० | ९ | तनहूं | ३,२२,६१ |
| ५ | काठमाडौं | ४,३८,९८ | | **जम्मा:** | **३४,८४,८९** |

पेश्की सम्बन्धी उल्लेखनीय व्यहोरा निम्नानुसार छ:

६.१. **पेश्की माथी पेश्की** – स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०५६ को नियम ७०(२) ञ मा उपभोक्ता समितिले प्रथम किस्ताको प्राविधिक मूल्याङ्कन, बिल भरपाई र खर्चलाई प्रमाणित गर्ने कागजात उपभोक्ता समितिबाट अनुमोदन गराई पेश्की फछ्र्यौटको लागि सम्बन्धित निकायमा पेश गर्नुपर्ने र पेश्की फछ्र्यौट भएजतिको अङ्कमात्र अर्को किस्ता कायम गरी पेश्कीकोरुपमा शोधभर्ना दिनसक्ने व्यवस्था छ । तर जिल्ला विकास समितिको कार्यालय, सिरहाले बस्तिपुर–चिकना–कल्याणपुर सडक कालोपत्रे गर्ने काम २०६४।३।१५ सम्म सम्पन्न गर्ने गरी उपभोक्ता समितिसँग सम्झौता गरी २०६४।२।२१ मा प्रथम किस्ता रु.३ लाख ६ हजार पेश्की दिएकोमा भएको कामको प्राविधिक मूल्याङ्कन तथा बिल भरपाई पेश नगरी पुन: २०६४।३।२५ मा रु.४ लाख ५८ हजार पेश्की दिएको देखिन्छ । कार्यसम्पन्न गर्ने म्याद समाप्त भैसेकेपछि पेश्की माथी थप पेश्की दिने कार्य नियमसम्मत देखिँदैन ।

६.२. **पेश्कीको कच्चावारी** – स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०५६ को नियम १०३(१) मा एक आर्थिक वर्षको पेश्की सोही आर्थिक वर्षमा फछ्र्यौट हुन नसकेमा अधिकार प्राप्त अधिकारीले त्यसरी फछ्र्यौट हुन बाँकी रहेको पेश्की रकमको नाम नामेसी सहित अर्को आर्थिक वर्षमा जिम्मेवारी सारी प्रमाणित गर्नुपर्ने र नियम १०४ अनुसार पेश्कीको अद्यावधिक विवरण पेश गर्नुपर्ने उल्लेख छ । जिल्ला विकास समितिको कार्यालय, ललितपुरले यो वर्षको थप पेश्कीमध्ये रु.३३ लाख २३ हजारको कच्चावारी नखुलाएको र २०५९।६० भन्दा पहिलेको पेश्कीको अभिलेख राखी जिम्मेवारी सारेको पाईएन ।

७. **योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन** – स्थानीय स्वायत्त शासन ऐन, २०५५ अनुसार आवधिक योजना तर्जुमा गरी बढीभन्दा बढी जनता लाभान्वित हुने आयमूलक समावेशी, वातावरण संरक्षण एवं प्रर्वद्धन गर्ने, स्थानीय स्रोत, साधन र सीप क्षमता परिचालन हुने योजना सञ्चालन गर्नुपर्ने र सम्पन्न भएका योजनाहरु उपभोक्ता समूह एवं सम्बन्धित निकायलाई हस्तान्तरण गरी सञ्चालन एवं मर्मत संभारको व्यवस्था गराउनुपर्ने व्यवस्था छ । साथै योजना तथा कार्यक्रम तर्जुमा गर्दा अनुमान गरिएका स्रोत र साधनको परिचालन लक्ष्य अनुरुप भए नभएको, आयोजना कार्यान्वयन तालिका अनुसार भए नभएको, बाधा व्यवधान र

अड्चन सम्बन्धमा अनुगमन तथा सुपरीवेक्षण समितिले अनुगमन गरी कार्यतालिका अनुसार कार्यान्वयन भए नभएको, प्राविधिक सुपरीवेक्षण गरे नगरेको, बिल भरपाई स्रेस्ता रितपूर्वक राखे नराखेको, सम्झौतानुसार भए नभएको सम्बन्धमा प्रतिवेदन दिनुपर्ने व्यवस्था छ ।

अधिकांश जिल्ला विकास समितिहरुले सहभागितामूलक योजना तर्जुमा गर्ने नगरेको, प्राथमिकता निर्धारण एवं आवधिक योजना तर्जुमा नगरेको, समावेशी रुपमा वातावरण मैत्री निर्माण कार्य नगरी भारी उपकरण प्रयोगका लागि इन्धन प्रयोग गर्ने गरी कार्यक्रम स्वीकृति एवं कार्य गराएको, जनसहभागिता एवं अन्य निकायका सहभागिता न्यून एवं शून्य हुने गरेको, स्वीकृत योजनाबमोजिम कार्यक्रम तर्जुमा नगरेको, कार्यान्वयन तालिका तयार नगरेको, गुणस्तर एवं उपयोगिताको सुनिश्चित आधार नभएको, कार्यान्वयन तालिकाबमोजिम कार्य नभएको, उपभोक्ता समितिलाई आवश्यक निर्देशन हुन नसकेको, सम्झौताबमोजिम कार्य नगरेको, एक पटक लिएको पेश्की फछ्र्यौट नहुँदै पेश्की उपलव्ध गराउने गरेको काम सम्पन्न गरिसकेपछि परिषद्बाट अनुमोदन गराउने गरेको पाइएको छ ।

उल्लिखित कारणबाट स्रोत एवं साधनको परिचालन सुनिश्चित हुन नसकेको, एकीकृत योजना तर्जुमा नभएबाट एकै क्षेत्रमा दुई वा दुईभन्दा बढी सरकारी एवं गैर सरकारी निकायहरुको सहभागिता रहेको, आयमूलक कार्यमा स्थानीय स्रोत साधन परिचालन हुन नसकेको तथा समयमा योजना सम्पन्न नहुँदा पेश्की बढ्न गएको छ । कार्यालयले उपभोक्ता समिति मार्फत सम्पन्न गरेको योजनाहरु सञ्चालन तथा मर्मत संभारको लागि उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा अधिकांश योजना हस्तान्तरण नगरेको र आयोजनागत खाता नराखेकोले जिल्लाका क्रमागतरुपमा कार्यान्वयन भएको योजनाको अवस्था यकिन गर्नसकिने अवस्था छैन । सम्पन्न भएका योजना सुपरीवेक्षण र अनुगमनको अभावमा गुणस्तर कायम हुनसकेको छैन । उपभोक्ता समितिको कार्य क्षमताभन्दा उच्च प्राविधिक दक्षता आवश्यक पर्ने योजना उपभोक्ता समितिबाट सञ्चालन गराएको एवं प्राविधिक परीक्षण नगरी निर्माण सामग्री प्रयोग गर्ने गरेको पाइएको छ ।

८. **धरौटी** – जिल्ला विकास समितिहरुको गत वर्षको अन्तमा रु.१७ करोड ७५ लाख २७ हजार धरौटी बाँकी भएकोमा यो वर्ष रु.१७ करोड ९५ लाख ४१ हजार जिम्मेवारी सारी रु.२० लाख १४ हजार बढी जिम्मेवारी सारेका छन् । ८ कार्यालयले ४३ हजार घटी र १८ कार्यालयलेले रु.२० लाख ५७ हजार बढी जिम्मेवारी सारेका छन् । यो वर्ष प्राप्त रु.४५ करोड ६२ लाख ५१ हजार र गत वर्षको बाँकी समेत रु.६३ करोड ५७ लाख ९२ हजार धरौटीमध्ये रु.३६ करोड ६५ लाख ९२ हजार फिर्ता तथा सदरस्याहा भई रु.२६ करोड ९२ लाख धरौटी बाँकी (अनुसूची ४ र ८) देखिएको छ ।

८.१. **धरौटी फिर्ता** – स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०५६ को नियम ८२(ख) बमोजिम आयकर विवरण पेश गरेको वा तिरेको र मूल्य अभिवृद्धि करको हिसाव समायोजन गरेको प्रमाणपत्र हेरी धरौटी रकम फिर्ता दिनुपर्नेमा निम्न १३ जिल्ला विकास समितिले सो प्रमाण बेगर रु.८४ लाख ७३ हजार धरौटी फिर्ता दिएको देखियो ।

(रु.हजारमा)

| सि.नं. | जिल्ला | रकम | सि.नं. | जिल्ला | रकम |
|---|---|---|---|---|---|
| १. | बाग्लुङ | १,१३ | ८. | सिरहा | ९,४० |
| २. | मुस्ताङ | ४,२९ | ९. | सप्तरी | २१,६४ |
| ३. | नवलपरासी | १५,९५ | १०. | कपिलवस्तु | १,९७ |
| ४. | मकवानपुर | ३,८७ | ११. | सर्लाही | ५,२१ |
| ५. | बारा | १,२० | १२. | झापा | २४ |
| ६. | कञ्चनपुर | १,४८ | १३. | पर्सा | ६,५१ |
| ७. | धनुषा | ११,८४ | | **जम्मा:** | **८४,७३** |

८.२. **धरौटी अभिलेख** – स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०५६ को नियम ९१(२) अनुसार जिल्ला विकास समितिले गाउँ विकास समिति र नगरपालिकाबाट महिना समाप्त भएको मितिले ७ दिनभित्र धरौटीको मास्केवारी र आर्थिक वर्ष समाप्त भएको ३५ दिनभित्र वार्षिक प्रतिवेदन सङ्कलन गरी वार्षिक रुपमा धरौटीको एकीकृत आर्थिक विवरण स्थानीय विकास मन्त्रालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ । तर जिल्ला विकास समितिको कार्यालय मकवानपुर, नवलपरासी र ललितपुरले एकीकृत धरौटीको आर्थिक विवरण तयार नगरेकोले धरौटी कारोबारको यथार्थता यकिन हुनसकेन ।

९. **अग्रिम कर** – आयकर ऐन, २०५८ को दफा ८७, ८८, ८९ र ९० अनुसार पारिश्रमिक, भाडा, रोयल्टी, सेवा शुल्क तथा ठेक्का रकम भुक्तानी गर्दा अग्रिम कर कट्टी गरी १५ दिनभित्र दाखिला गर्नुपर्ने व्यवस्था छ । उपर्युक्त व्यवस्था अनुसार ६० जिल्ला विकास समितिले रु.२५ लाख ६४ हजार (अनुसूची १२) अग्रिम कर कट्टी गरेको पाइएन ।

१०. **मूल्य अभिवृद्धि कर** – मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४(४) अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रत्येक व्यक्तिले प्रापकलाई तोकिएको ढाँचामा कर बीजक दिनुपर्ने व्यवस्था छ । जिल्ला विकास समिति ३० ले मूल्य अभिवृद्धि कर बीजक बेगर रु.४७ लाख १४ हजार मूल्य अभिवृद्धि कर भुक्तानी (अनुसूची १२) गरेको देखियो ।

११. **उपभोक्ता समिति** – स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०५६ को नियम ७० अनुसार स्थानीयस्तरमा सञ्चालन हुने आयोजनामध्ये रु.१० लाखसम्मका कार्यक्रम स्थानीय उपभोक्ता समूहद्वारा गठित उपभोक्ता समितिद्वारा गराउन प्राथमिकता दिनुपर्ने व्यवस्था छ । कार्यक्रमको प्राथमिकता र सञ्चालन प्रक्रिया सम्बन्धमा देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन्:

११.१. सोही नियमावलीको नियम ७०(१क) अनुसार जिल्ला विकास समितिले उपभोक्ता समितिद्वारा काम गराउँदा सो समितिलाई विषयगतरुपमा वर्गीकरण र सूचीकृत गरी लगत अद्यावधिक गर्नुपर्ने व्यवस्था छ । वागलुङ, कैलाली, मकवानपुर, नवलपरासी र ललितपुर जिल्ला विकास समितिले उपभोक्ता समितिलाई वर्गीकरण र सूचिकृत नगरी ती उपभोक्ता समिति मार्फत स्थानीयस्तरका आयोजना सञ्चालन गरेका छन् । सम्पादन गर्नुपर्ने कामको गुणस्तर अभिवृद्धि गर्न नियमानुसार उपभोक्ता समितिको वर्गीकरण र सूचीकृत गरी लगत अद्यावधिक राख्नुपर्दछ ।

११.२. सोही नियमावलीको नियम ७०(२) (झ) अनुसार बढी जटिल प्राविधिक पक्ष समावेश भएको र भारी उपकरणको प्रयोग हुने काम बाहेक सामान्यतया श्रमप्रधान प्रविधि अपनाइने आयोजना वा कार्यक्रममात्र उपभोक्ता समिति मार्फत गराउनुपर्नेमा ५ जिल्ला विकास समितिले सडक कालोपत्र गर्ने जस्तो जटिल प्राविधिक पक्ष समावेश भएको कार्य उपभोक्ता समितिबाट गराई नवलपरासी, ललितपुर, मकवानपुर, सिन्धुपाल्चोक र स्याङजा जिल्ला विकास समितिले रु.४ करोड १ लाख ९२ हजार भुक्तानी दिएका छन् । जटिल प्राविधिक पक्ष समावेश भएका यसप्रकारका कार्य उपभोक्ता समितिबाट गराउँदा प्राविधिक ज्ञानको अभावमा कामको गुणस्तर कायम गर्न नसकिने हुनाले यस्ता कार्यहरु प्राविधिक दक्षता भएका निर्माण व्यवसायीबाट गराउनु उपयुक्त हुने व्यहोरा गत वर्षको प्रतिवेदनमा उल्लेख गरिएकोमा सुधार भएको देखिएन ।

११.३. उपभोक्ता समिति मार्फत कार्य गराउँदा सोही नियमावलीको नियम ७०(२) (ग) अनुसार लागत अनुमानको ४० प्रतिशतसम्म पहिलो किस्ता पेश्की उपलब्ध गराई प्रगति र फछ्र्यौटको आधारमा दोस्रो किस्ता पेश्की वा भुक्तानी दिनुपर्ने व्यवस्था छ । तर जिल्ला विकास समितिको कार्यालय, बाग्लुङले ५९ उपभोक्ता समितिलाई पहिलो किस्तामा नै ६० देखि ९० प्रतिशतसम्मले कुल रु.२२ लाख २७ हजार पेश्की दिएको पाइयो ।

१२. **फ्रिज** – आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०५६ को नियम ३२ अनुसार आर्थिक वर्षभित्र खर्च नभई बाँकी रहेको अनुदान रकम कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गर्नुपर्नेमा जिल्ला विकास समिति कपिलवस्तुले रु.३२ लाख ३४ हजार, ताप्लेजुङले रु.८ लाख १३ हजार, पाल्पाले रु.६ लाख ५३ हजार र दाङले रु.४ लाख ५ हजार गरी रु.५१ लाख ५ हजार फिर्ता गरेको पाइएन ।

१३. **सापटी** – यो वर्ष निम्न ८ जिल्ला विकास समितिले गैर–सरकारी संघ संस्था र कार्यालयलाई रु.१ करोड ८ लाख ६२ हजार सापटी दिएकोमा सापटी शोधभर्ना लिएको पाइएन ।

(रु.हजारमा)


| सि.नं. | जिल्ला | रकम | सि.नं. | जिल्ला | रकम |
|---|---|---|---|---|---|
| १. | रुपन्देही | ११,५८ | २. | रुकुम | १,०४ |
| ३. | झापा | १४,४३ | ४. | धनुषा | ४४,२७ |
| ५. | रौतहट | ४,५४ | ६. | मोरङ | ८,७८ |
| ७. | सुनसरी | १,६० | ८. | भक्तपुर | २२,३८ |
| | | | | **जम्मा:** | **१,०८,६२** |

१४. **प्रशासनिक खर्च** – स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०५६ को नियम ४५ मा जिल्ला विकास समितिले कर, दस्तुर, सेवा शुल्क र भाडाबाट उठाएको रकमको २५ प्रतिशतसम्म प्रशासनिक कार्यको लागि खर्च गर्नपाउने व्यवस्था छ । प्रशासनिक खर्चको ३ वर्षको तुलनात्मक स्थिति निम्नानुसार रहेको छ:

(रु.हजारमा)

| आर्थिक वर्ष | जिल्ला विकास समिति संख्या | कर, दस्तुर आदिबाट असुली | खर्च लेख्न पाउने सीमा | खर्च लेखेको | बढी खर्च | असुलीको तुलनामा प्रशासनिक खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|
| २०६१।६२ | ६४ | ३५,०४,२५ | ८,७६,०६ | १९,२५,८९ | १०,४९,८३ | ५५ |
| २०६२।६३ | ६९ | ३६,३८,५७ | ९,०९,६५ | २९,२६,६९ | २०,१७,०४ | ८० |
| २०६३।६४ | ७० | ४२,६०,८२ | १०,६५,२१ | २७,६४,४७ | १६,९९,२६ | ६५ |

*यो वर्ष ७० जिल्ला विकास समितिले सो सीमा नघाई रु.१६ करोड ९९ लाख २६. हजार (अनुसूची ११) बढी खर्च गरेका छन् । जिल्लामा भएको आम्दानीबाट प्रशासनिक कार्यमा अत्याधिक खर्च गरेपछि स्थानीय विकास निर्माणमा प्रत्यक्ष असर पुग्ने हुनाले यस्तो परम्परामा नियन्त्रण गर्नुपर्नेतर्फ गत वर्षको प्रतिवेदनमा औंल्याइएकोमा सुधार भएको देखिएन । खर्च गर्न पाउने सीमा र खर्च लेखेको रकम निम्न बार चार्टमा देखाइएको छ:*




१५. **आर्थिक सहायता** – स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०५६ को नियम ४४ मा स्वीकृत बजेटको परिधिभित्र रही जिल्ला विकास समितिले कर, शुल्क, सेवा शुल्क, दस्तुर र भाडा बापत उठाएको रकमबाट सभापतिले वार्षिक १ प्रतिशत वा रु.५० हजारसम्म आर्थिक सहायतामा खर्च गर्नपाउने व्यवस्था छ । सो अनुसार रु.५० लाखभन्दा न्यून कर दस्तुर आय भएका जिल्ला विकास समितिले अधिकतम रु.५०

हजारसम्मको सीमामा रही आर्थिक सहायता वितरण गर्नपाउने र रु.५० लाखभन्दा बढी कर दस्तुर आम्दानी गर्ने समितिले आयको १ प्रतिशतसम्मको सीमामा रही खर्च गर्नसक्नेमा सोभन्दा कम कर दस्तुर उठाउने १९ समितिले वार्षिक अधिकतम रु.५० हजारको सीमा नाघाई रु.२८ लाख २ हजार र रु.५० लाखभन्दा बढी कर दस्तुर उठाउने ८ समितिले १ प्रतिशतको सीमा नघाई रु.३३ लाख ४ हजार समेत रु.६१ लाख ६ हजार (अनुसूची ११) आर्थिक सहायता वितरण गरेको पाइयो ।

(रु.हजारमा)

| विवरण | समिति संख्या | कर दस्तुरबाट असुली | जि.वि.स.ले आर्थिक सहायता दिनपाउने | | आर्थिक सहायता दिएको | बढी दिएको |
|---|---|---|---|---|---|---|
| | | | दर | जम्मा | | |
| रु.५० लाख भन्दा घटी कर दस्तुर उठाउने तर सीमा नघाई खर्च गर्ने–– | १९ | ३,५१,२६ | रु.५० हजार | ९,५० | ३७,५२ | २८,०२ |
| रु.५० लाख भन्दा बढी कर दस्तुर उठाउने–– | ८ | ११,७२,०८ | १ प्रतिशत | ११,७२ | ४४,७५ | ३३,०४ |
| **जम्मा:** | **२७** | **१५,२३,३४** | | **२१,२२** | **८२,२७** | **६१,०६** |

१६. **भैपरी आउने खर्च** – स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०५६ को नियम ४६ मा स्वीकृत बजेटको परिधिभित्र रही जिल्ला विकास समितिले कर, शुल्क, सेवा शुल्क, दस्तुर र भाडाबाट उठाएको कुल रकमको एक प्रतिशतसम्म भैपरी आउने विकास निर्माण कामको लागि खर्च गर्नसकिने व्यवस्था छ । जिल्ला विकास समिति ४७ ले सो सीमा नघाई रु.८४ लाख २१ हजार बढी खर्च गरेको (अनुसूची ११) पाइयो ।

१७. **अन्य कार्यालयको खर्च** – जिल्ला विकास समितिले जिल्लास्थित सरकारी कार्यालयहरुको खर्च व्यहोर्नुपर्ने व्यवस्था स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा नियमावली, २०५६ मा भएको देखिँदैन । तर ४३ जिल्ला विकास समितिले जिल्लास्थित १२४ सरकारी कार्यालयको गाडी मर्मत, निर्माण कार्य, सामान खरिद आदिमा रु.१ करोड ७३ लाख ९१ हजार (अनुसूची १२) खर्च गरेको देखियो । उक्त खर्च गर्दा स्थानीय विकास मन्त्रालयबाट स्वीकृति लिएको पनि पाइएन ।

१८. **कारोबारको निरीक्षण** – स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०५६ को नियम १३३(२) मा जिल्ला विकास समितिको सचिवले कोष तथा लेखा नियन्त्रक कार्यालयको सहयोग लिई गाउं विकास समिति र नगरपालिकाको आर्थिक कारोबारको कम्तिमा वर्षको एक पटक निरीक्षण गरी सोको प्रतिवेदन सम्बन्धित गाउं विकास समिति, नगरपालिका र जिल्ला विकास समिति तथा स्थानीय विकास मन्त्रालयमा पेश गर्नुपर्ने व्यवस्था छ । तर जिल्ला विकास समितिको कार्यालय ललितपुर, मकवानपुर, नवलपरासी, सुनसरी, काठमाडौं, भक्तपुर, धनुषा, तनहूँ, बाग्लुङ, बझाङ, म्याग्दी, खोटाङ, मुस्ताङ र उदयपुरले आर्थिक कारोबारको निरीक्षण गरेको पाइन । आन्तरिक नियन्त्रणलाई सुदृढ गर्न कानुनले तोकेबमोजिम निरीक्षण गर्नु गराउनुपर्दछ ।

१९. **आन्तरिक लेखापरीक्षण** – स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २३२(१) अनुसार जिल्ला विकास समितिको आन्तरिक लेखापरीक्षण सो समितिको आन्तरिक लेखापरीक्षण शाखाले गर्नुपर्नेमा जिल्ला विकास समिति ओखलढुङ्गा, म्याग्दी र सुनसरीले आन्तरिक लेखापरीक्षण शाखा नै गठन गरेको पाइएन । आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आन्तरिक नियन्त्रण व्यवस्थालाई भरपर्दो बनाउनुपर्दछ । आन्तरिक लेखापरीक्षण सम्बन्धमा देखिएका थप व्यहोरा देहायबमोजिम छ:

१९.१. जिल्ला विकास समितिको आन्तरिक लेखापरीक्षण आन्तरिक लेखापरीक्षण शाखाले गर्नुपर्नेमा जिल्ला विकास समितिको कार्यालय, नवलपरासीले जिल्ला प्राविधिक कार्यालयको लेखापालबाट आन्तरिक लेखापरीक्षण गराएको पाइयो ।

१९.२. स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०५६ को नियम ४९ बमोजिम आय व्ययको स्रेस्ता मासिक रुपमा आन्तरिक लेखापरीक्षण गर्नुपर्नेमा जिल्ला विकास समिति, मकवानपुरले वार्षिकरुपमा मात्र आन्तरिक लेखापरीक्षण गराएको पाइयो । समयमै आन्तरिक लेखापरीक्षण गराई नियन्त्रण व्यवस्थालाई सुदृढ तुल्याउनु जरुरी छ ।

१९.३. स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०५६ को नियम ४९(ख) अनुसार पचास हजार रुपैयाँभन्दा बढी पेश्की दिँदा वा भुक्तानी गर्दा यस नियम र प्रचलित कानुनबमोजिम रित पुगे, नपुगेको सम्बन्धमा पूर्व आन्तरिक लेखापरीक्षण गर्नुपर्नेमा जिल्ला विकास समिति ओखलढुङ्गा, खोटाङ, पर्वत, म्याग्दी, मुस्ताङ, बाग्लुङ र बझाङले पूर्व आन्तरिक लेखापरीक्षण गराउने गरेको पाइएन ।

१९.४. जिल्ला विकास समितिको कार्यालय, म्याग्दीले एक सहायकस्तरका कर्मचारीलाई आन्तरिक लेखापरीक्षण कार्यको जिम्मेवारी दिई निक्षेपित कार्यालयको लेखापरीक्षण गराएको छ । तर जिल्ला विकास समितिको आन्तरिक लेखापरीक्षण गरेको पाइएन ।

२०. **मासिक तथा वार्षिक विवरण** – स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०५६ को नियम १०८(१) अनुसार जिल्ला विकास समितिले प्रत्येक महिना भुक्तान भएपछि आय व्ययको फाँटवारी, फछ्र्यौट हुन बाँकी पेश्कीको मास्केवारी र बैङ्क हिसावको विवरण स्थानीय विकास मन्त्रालयमा पठाउनुपर्नेमा जिल्ला विकास समिति, मकवानपुर, नवलपरासी र ललितपुरले उक्त विवरण पठाएको पाइएन ।

२१. **सुविधा बापतको धरौटी** – स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०५६ को नियम १०६(१) अनुसार जिल्ला विकास समितिले गाउं विकास समिति र नगरपालिकाले टेलिफोन, धारा, बत्ती र अन्य सुबिधा बापत धरौटी राखेको रकमको विवरण निर्धारित ढाँचामा सङ्कलन गरी छुट्टै लगत जनाई त्यसको सूचना सम्बन्धित गाउं विकास समिति र नगरपालिकालाई दिनुपर्ने र जिल्ला विकास समितिको लागि पनि यही प्रक्रिया अपनाउनुपर्ने उल्लेख छ । तर जिल्ला विकास समितिको कार्यालय ललितपुर, मकवानपुर र नवलपरासीले त्यस्तो अभिलेख नराखेकोले सुबिधा बापतको धरौटीको हिसाब व्यवस्थित गर्नुपर्ने देखियो ।

२२. **बीमा नीति** – स्थानीय विकास कोष (स्थापना र सञ्चालन) विनियमावली अनुसार कोषमा रहेको रकम हराए वा नासिएमा सोको क्षतिपूर्ति दिन वा आवश्यक सुरक्षा प्रवन्ध गर्न बीमा लगायत लगानीको सुरक्षा गर्नुपर्ने व्यवस्था भएकोमा जिल्ला विकास समितिहरुले बीमा नीति तर्जुमा गरी लागू गरेको पाइएन । लगानी र असुली प्रक्रियालाई सुरक्षित र व्यवस्थित गर्न बीमा नीति तर्जुमा गरी लागू गर्नुपर्ने देखियो ।

२३. **योजना हस्तान्तरण** – स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०५६ को नियम ७० २(ज) मा उपभोक्ता समितिले जिम्मा लिएको कार्य सम्पन्न भएपछि सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई नै हस्तान्तरण गर्नुपर्ने र यसरी हस्तान्तरण भएका आयोजनाबाट सेवा प्रवाह गर्दा उपभोक्ता समितिले दस्तुर तोकी आफ्नो कोष खडा गरी सञ्चालन गर्नसक्ने उल्लेख छ । यस वर्ष सम्पन्न गरेका निम्न जिल्लाहरुले योजना नै हस्तान्तरण गरेको पाइएन:

| जिल्ला | सम्पन्न योजना | जिल्ला | सम्पन्न योजना | जिल्ला | सम्पन्न योजना |
|---|---|---|---|---|---|
| भोजपुर | ५१ | काठमाडौं | २,३४ | ललितपुर | ३,४२ |
| गोरखा | १,५२ | नवलपरासी | १,३१ | बांके | ३९ |

२४. **आवधिक योजना** – स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १९५(५) बमोजिम प्रत्येक जिल्ला विकास समितिले आफ्नो क्षेत्रको विकासको लागि कम्तिमा ५ वर्षको आवधिक योजना तर्जुमा गर्नुपर्ने व्यवस्था छ । तर काठमाडौं, बाग्लुङ र कैलाली जिल्ला विकास समितिले अद्यावधिक योजना बनाएको पाइएन ।

जिल्ला विकास समितिका समान प्रकृतिका व्यहोरा माथि उल्लेख गरिएको छ । सो अतिरिक्त जिल्ला विकास समितिहरुमा देखिएका अन्य व्यहोरा निम्नानुसार उल्लेख गरिएको छ ।

## जिल्ला विकास समितिको कार्यालय, ताप्लेजुङ

२५. **घटी दाखिला** – स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०५६ को नियम ३५(२) बमोजिम प्राप्त आम्दानी भोलिपल्टै बैङ्क दाखिला गर्नुपर्नेमा ताप्लेजुङ जिल्ला विकास समितिले ६ कर्मचारी मार्फत विभिन्न रसिदबाट रु.३ लाख ३० हजार उठाइएकोमा रु.८७ हजार घटी दाखिला गरेको पाइयो । घटी दाखिला गर्ने

व्यक्ति उपर कारबाही गरी उक्त रकम दाखिला गर्न लगाउनुपर्दछ । उक्त रकम असुल भईसकेको जवाफ दिएको छ । तर प्रमाण पेश गरी सम्परीक्षण गराएको छैन ।

- **स्थानीय विकास कोष**

२६. **घटी दाखिला** – कोषले विभिन्न नगदी रसिदबाट ऋणपूँजीको साँवा व्याज बापत रु.६ लाख ४४ हजार असुल गरेकोमा रु.६ लाख २१ हजारमात्र दाखिला गरेको छ । घटी बैङ्क दाखिला गरेको रु.२३ हजार असुल हुनुपर्दछ । यस सम्बन्धमा तोकिएको कर्मचारीलाई पत्राचार गरी दाखिला गर्ने व्यहोराको जवाफ दिएको छ ।

## जिल्ला विकास समितिको कार्यालय, पाँचथर

२७. **निर्माण सामग्री वितरण** – स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०५६ को नियम ७०(२) बमोजिम उपभोक्ता समिति मार्फत काम गराउँदा लागत अनुमान र कार्य विवरण सहित सम्झौता गरी कार्यको नापी, प्राविधिक बिल एवं कार्यसम्पन्न प्रतिवेदनको आधारमा निर्माण सामग्री खर्च लेख्नुपर्ने व्यवस्था अपनाउनुपर्नेमा विभिन्न विद्यालय तथा संघ संस्थाको भवनको छाना लगाउन रु.१९ लाख ४८ हजारको कर्कटपाता लगायत निर्माण सामग्री पटक पटक खरिद गरी सोझै उपलब्ध गराएको पाइयो ।

## जिल्ला विकास समितिको कार्यालय, झापा

२८. **धरौटी फिर्ता** – समितिले दुई ठेकेदारलाई रु.१ लाख २८ हजार धरौटी फिर्ता दिनुपर्नेमा रु.१ लाख ५१ हजार फिर्ता गरेकोले बढी फिर्ता खर्च लेखेको रु.२३ हजार असुल हुनुपर्दछ । त्यसैगरी सुपारी, विरिङ, टिमाई दमाई हटिया स–मिलको दुई ठेक्का बापत राजस्व खातामा जम्मा हुनुपर्ने रु.२ लाख ५५ हजार धरौटी खातामा राखेको पाइएकोले उक्त रकम सदरस्याहा गरी कोष दाखिला गर्नुपर्दछ । यस सम्बन्धमा बढी फिर्ता भएको रकम असुल गर्नेतर्फ कारबाही भइरहेको जवाफ प्राप्त भएको छ भने धरौटीमा राखेको सम्बन्धमा जवाफ दिएको छैन ।

२९. **सोझै खर्च** – स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०५६ को नियम ७०(२) बमोजिम उपभोक्ता समिति मार्फत काम गराउँदा लागत अनुमान र कार्य विवरण सहित सम्झौता गरी कार्यको नापी, प्राविधिक बिल एवं कार्यसम्पन्न प्रतिवेदन र उपभोक्ताको योगदानको आधारमा खर्च लेख्नुपर्नेमा सुरुङ्गा खानेपानी योजना उपभोक्ता समितिलाई सम्झौता, मूल्याङ्कन, बिल, नापी एवं कार्यसम्पन्न प्रतिवेदन बेगर वार्षिक कार्यक्रममा समावेश भएको आधारमा रु.२ लाख खर्च लेखेको नियमित देखिएन । यस सम्बन्धमा समपूरक कोष बापत भुक्तानी दिएकोले कार्य प्रगतिको आधारमा फछ्र्यौट गरिने जवाफ कार्यालयले दिएको छ ।

**स्थानीय विकास कोष**

३०. **ट्रष्ट कोषको व्यवस्था** – कोषले स्थानीय विकास कोष विनियमावली, २०५८ को २४(१) अनुसार कोषमा काम गर्ने कर्मचारीहरुलाई दिईने सेवाका शर्त तथा सुविधा विनियमावलीमा व्यवस्था भएबमोजिम हुने उल्लेख भएकोमा विनियमावलीमा व्यवस्था नगरी कोषको निर्णयानुसार विदा र बीमा सुविधा बापत रु.१ लाख २२ हजारको स्थानीय ट्रष्टको व्यवस्था गरेको पाइयो । यस सम्बन्धमा कार्यालयले जवाफ दिएको छैन ।

## जिल्ला विकास समितिको कार्यालय, सुनसरी

३१. **लागत अनुमान** – स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०५६ को नियम ५६(१) र ४०(१) अनुसार स्थानीय निकायले जुनसुकै निर्माण तथा मर्मत सुधार कार्यको लागि लागत अनुमान तयार गरी तोकिएका पदाधिकारीहरुबाट स्वीकृत गराउनु पर्ने व्यवस्था छ । कार्यालयले निर्माण कार्यको लागि तयार गरेको लागत अनुमान नियम अनुसार स्वीकृत नगराई काम गर्ने गरेको पाइयो । यस सम्बन्धमा कमी कमजोरी सुधार गरिने जवाफ दिएको छ ।

३२. **मालपोत** – गाउँ विकास समिति र नगरपालिकाहरुबाट प्राप्त हुनुपर्ने मालपोतको अभिलेख अद्यावधिक खडा गरी राख्नुपर्ने व्यवस्था स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा २२१(२) (ग) मा उल्लेख छ । जिल्लास्थित ४९ गाउँ विकास समिति र ३ नगरपालिकाबाट प्राप्त हुनुपर्ने मालपोत रकम यकिन नगरी यो वर्ष रु.७ लाख ६६ हजार आम्दानी देखाएको छ । यस सम्बन्धमा कार्यालयले आगामी वर्ष सुधार गरिने जवाफ दिएको छ ।

३३. **धरौटी हिसाव** – कवाडी मालसामान जिल्ला निकासी ठेक्का मा ७ बोलपत्रदाताबाट राखेको धरौटी रु.३४ लाख ५० हजार आम्दानी बाँधेकोमा भौचर नक्कली (किर्ते) भएको कारण बैंङ्क विवरणसँग नभिडेकाले कार्यालयले २ बैङ्क भौचरको रु.१२ लाख ५५ हजार आम्दानी बाँधेको छैन । नक्कली (किर्ते) बैङ्क भौचर पेश गरी ठेक्का प्राप्त गर्न खोज्ने ठेकेदारलाई आवश्यक कारबाही गरी उक्त रकम असुल गर्नुपर्दछ । यस सम्बन्धमा कार्यालयले प्रतिक्रिया दिएको छैन ।

३४. **अनुदान** – संघ संस्थाहरुलाई अनुदान उपलव्ध गराउने स्पष्ट नीति तयार नगरी महिला समाज तरहरा, बालविकास समाज वविया र व्यवसाय सहजीकरण केन्द्र सहित ३ संस्थालाई रु.३ लाख ७५ हजार अनुदान दिएको पाइयो । यस सम्बन्धमा वार्षिक बजेट तथा कार्यक्रममा समावेश गरेर नै खर्च गरेको कार्यालयले जवाफ दिए तापनि मापदण्ड तयार गरेको पाइएन ।

## जिल्ला विकास समितिको कार्यालय, मोरङ्ग

३५. **बिल भरपाई बेगर अनुदान खर्च** – संघ संस्थालाई अनुदान उपलव्ध गराउने स्पष्ट नीति तयार नगरी कार्यालयले यो वर्ष ४ संस्थालाई बिल भरपाई बेगर रु.३ लाख ९९ हजार अनुदान खर्च लेखेको छ । यस सम्बन्धमा आगामी दिनहरुमा सुधार गरिने जवाफ कार्यालयले दिएको छ ।

३६. **बन रोयल्टी** – यो वर्ष वन क्षेत्रको आय वापत जिल्ला वन कार्यालयले रु.९५ लाख आम्दानी गरेकोमा स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २२० अनुसार कार्यालयले असुल गरेको वन क्षेत्रको रोयल्टीको १० प्रतिशतले हुने रु.९ लाख ५० हजार प्राप्त गर्नुपर्नेमा रु.६ लाख ४१ हजार प्राप्त गरेकोले रु.३ लाख ९ हजार प्राप्त हुन बाँकी देखियो । उक्त रकम असुलीको लागि पत्राचार भईरहेको जवाफ कार्यालयले दिएको छ ।

३७. **मालपोत** – गाउँ विकास समिति र नगरपालिकहरुबाट प्राप्त हुनुपर्ने मालपोतको अद्यावधिक अभिलेख खडा गरिराख्नुपर्ने व्यवस्था स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २२१(२)(ग)मा उल्लेख छ । जिल्लाका ६५ गाउं विकास समितिमध्ये ५५ गाउं विकास समितिबाट उठाएको मालपोत रु.११ लाख ७४ हजार आम्दानी गरेपनि ३० गाउं विकास समितिबाट बुझाउन बाँकी रु.३ लाख २० हजार असुल हुनुपर्ने देखियो । सो सम्बन्धमा गाउं विकास समितिलाई रकम बुझाउन ताकेता भइरहेको जवाफ प्राप्त भएको छ ।

## जिल्ला विकास समितिको कार्यालय, सप्तरी

३८. **जिम्मेवारी नसारेको** – स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०५६ को नियम १०२ मा एक आर्थिक वर्षमा गएको पेश्की सोही आर्थिक वर्षमा फछ्र्यौट हुन नसके अधिकार प्राप्त अधिकारीले त्यसरी फछ्र्यौट हुन बाँकी रहेको पेश्की रकमको नाम नामेसी सहित कहिले कसलाई र के बापत गएको हो सो समेत खुलाई अर्को आर्थिक वर्षमा जिम्मेवारी सारी प्रमाणित गर्नुपर्ने व्यवस्था छ । कार्यालयले १४ कर्मचारीलाई रु.१० लाख ३४ हजार (म्याद नाघेको) पेश्की दिएकोमा जिम्मेवारी सारेको नदेखिएकाले अधिकार प्राप्त अधिकारीले नियमको पालना गरेको देखिएन । उक्त पेश्की आर्थिक वर्षको अन्तसम्म फछ्र्यौट समेत भएको नदेखिएकोले उक्त नियमावलीको नियम १०२ अनुसार असुल फछ्र्यौट हुनुपर्दछ ।

३९. **तलव भत्ता** – उमेरका हदले २०६४।१।१० मा अनिवार्य अवकाश भएका एक खरिदारलाई २०६४।३।१८ मा अवकाश भैसकेपछिको अवधि बैशाख, जेष्ठ र असारको तलव भत्ता रु.२२ हजार भुक्तानी गरेको देखिएकोले उक्त तलव भत्ता असुल हुनुपर्दछ ।

४०. **राजस्व दाखिला** – कार्यालयले यो वर्ष प्रयोग गरेका ७ ठेली रसिदबाट आम्दानी गरेको रु.२ लाख ७२ हजार बैङ्क दाखिला गरेको देखिएन । उक्त रकम कसको जिम्मामा रहेको छ छानबिन गरी आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १३(४) अनुसार असुल हुनुपर्दछ ।

४१. **निर्माण कार्य** – स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०५६ को नियम ७३(१) मा नियम ५७ (२) मा उल्लेख भए अनुसार विशेष परिस्थितिमा अमानतबाट निर्माण कार्य गराउनुपरेमा सम्बन्धित स्थानीय निकायमा पेश गरी स्वीकृत लागत अनुमानबमोजिम अमानतबाट निर्माण कार्य गराउन सकिने र अमानतबाट निर्माण कार्य गर्नुपरेमा रु.५० हजार रुपैयामा नबढाई खण्ड खण्ड गरी वार्ताबाट निर्माण कार्य गराउन वा आवश्यक निर्माण सामग्री उपलब्ध गराई ज्यालाको ठेक्का दिन सकिने व्यवस्था छ । महेन्द्र विन्देश्वरी बहुमुखी क्याम्पसको कन्या छात्रावास भवन निर्माणका लागि भारतीय राजदूतावास, जिल्ला विकास समिति र महेन्द्र विन्देश्वरी बहुमुखी क्याम्पसबीच २९ जूलाई, २००४ मा रु.१ करोड ९६ लाख ४६ हजारको त्रिपक्षीय सम्झौता गरी काम अमानतबाट गराएको पाइयो । जिल्ला विकास समितिको २०६४।३।११ को निर्णयानुसार उक्त निर्माण कार्यको निर्माण समितिले पेश गरेको रु.८६ लाख ७० हजारको तेस्रो रनिङ्ग बिलमा अघिल्लो बिलबाट भुक्तानी भएको रु.४३ लाख ९९ हजार कट्टी गरी रु.४२ लाख ७१ हजारको पेश्की फछ्र्यौट गरी रु.४२ लाख ७१ हजार थप पेश्की दिएकोमा निर्माण सामग्री खरिद गरेको बिल भरपाई र प्राविधिक मूल्याङ्कन भएको नापी किताव बिना खर्च लेखेकोले उक्त खर्च नियमसम्मत देखिएन ।

४२. **सञ्चितकोष** – स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०५६ को नियम ३९(२) मा जिल्लास्तरीय कार्यक्रम सञ्चालन गर्न विभिन्न मन्त्रालयले अख्तियारी पठाएको रकम अर्थ मन्त्रालयले फ्रिज नहुने भनी किटान गरेको अवस्थामा मात्र जिम्मेवारी सार्नसक्ने व्यवस्था छ । बजेट उप–शीर्षक ६९।४।८०० मा निकासा भएको रु.३६ लाख ४४ हजारको ५ प्रतिशतले हुने प्रशासनिक खर्च रु.१ लाख ८२ हजार यस शीर्षकबाट सञ्चालित आयोजनाहरुको प्रशासनिक कार्यमा खर्च गरी बिल भरपाई राख्नुपर्नेमा २०६४।३।१३ मा उक्त रकम खर्च नगरी जिल्ला विकास समिति कोषको आन्तरिक खातामा सारेको पाइयो । यसरी नियम विपरित आर्थिक वर्षको अन्तमा फ्रिज हुने शीर्षकको रकम फ्रिज नहुने शीर्षकमा सारेकोले उक्त रकम सञ्चितकोष दाखिला हुनुपर्दछ ।

उपरोक्त व्यहोराहरुको सम्बन्धमा कार्यालयले प्रतिक्रिया दिएको छैन ।

## जिल्ला विकास समितिको कार्यालय, धनुषा

४३. **बढी भुक्तानी** – सडक मर्मत र ग्राभेल गर्ने ४ उपभोक्ता समितिलाई मूल्याङ्कित बिल र नापीबमोजिम रु.६ लाख ७८ हजार भुक्तानी गर्नुपर्नेमा रु.७ लाख २६ हजार भुक्तानी गरेकोले बिल र नापीभन्दा रु.४८ हजार बढी खर्च लेखेको छ । साथै कर्मचारीको तलवी भरपाईको जोड जम्मामा बढी देखाई रु.२५ हजार बढी खर्च लेखेको, एक कर्मचारीलाई रु.४ हजार दोहोरो भ्रमण भत्ता खर्च लेखेको र एक कर्मचारीलाई अवकाश भैसकेपछिको तलब रु.३ हजार भुक्तानी दिएको छ । उक्त सबै रकम असुल हुनुपर्दछ ।

४४. **भत्ता भुक्तानी** – स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २६३ मा कर्मचारीहरुलाई दशैं खर्च बापत एक महिनाको तलब बराबरको रकम पाउने व्यवस्था छ । समितिको निर्णयले कार्यरत कर्मचारीहरुलाई खाइपाई आएको तलवको मासिक ३५ प्रतिशत भत्ता उपलब्ध गराउँदै आएकोमा दशैं खर्चमा समेत रु.१ लाख १० हजार भत्ता खर्च लेखेको छ । दशैं खर्चको साथमा भत्ता खर्च लेख्न नमिल्ने हुँदा उक्त रकम असुल हुनुपर्दछ ।

उपरोक्त व्यहोराहरुको सम्बन्धमा कार्यालयले प्रतिक्रिया दिएको छैन ।

## जिल्ला विकास समितिको कार्यालय, सिन्धुपाल्चोक

४५. **विद्युत रोयल्टी** – स्थानीय विकास मन्त्रालयको २०६१।१०।७ को विद्युत रोयल्टी बाँडफाँडको पत्र अनुसार रु.१ करोड ७२ लाख १२ हजार विद्युत रोयल्टी प्राप्त हुनुपर्नेमा रु.८९ लाख ९३ हजार प्राप्त भई रु.८२ लाख १९ हजार प्राप्त हुन बाँकी देखिएको छ । यस सम्बन्धमा रकम पठाउन पटक पटक विद्युत विकास विभागमा पत्राचार गरेको कार्यालयले जवाफ दिएको छ ।

४६. **स्पेशिफिकेशन** – स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०५६ को नियम ५२(२क) र (५२)(४)) अनुसार रु.१ लाखभन्दा बढीको सामान खरिद गर्दा स्पेशिफिकेशन तयार गरी शिलवन्दी दरभाउपत्रबाट खरिद गर्नुपर्ने व्यवस्था छ । तर कार्यालयले उल्लेखित व्यवस्था विपरित बिभिन्न मितिमा स्पेशिफिकेशन बेगर ४ कम्प्युटर तथा पार्ट्सहरु खरिद गरी रु.३ लाख २१ हजार खर्च लेखेको छ । सो सम्बन्धमा जिल्लाको आवश्यकता र आम्दानी अनुसार खरिद गरिएको भन्ने कार्यालयले जवाफ दिएको छ ।

४७. **नगदी रसिद** – कार्यालयले यो वर्ष रसिद नियन्त्रण खाताबाट ७५ थान रसिद खर्च देखाएकोमा ६४ थान रसिद कार्यालयमा प्राप्त भई रकम जम्मा भएको छ । तर ११ थान रसिद लेखापरीक्षणमा पेश नभएकोले सो रसिदबाट भएको आम्दानी र दाखिला सम्बन्धमा छानबिन हुनुपर्दछ । उपरोक्त ११ थान रसिदबाट भएका आम्दानी छानबिन गरी प्राप्त भएपछि पेश गरिने जवाफ कार्यालयले दिएको छ ।

## जिल्ला विकास समितिको कार्यालय, काठमाडौं

४८. **पुरस्कार खर्च** – जिल्ला विकास समितिले जिल्लाभित्रका बालुवाखानीबाट चोरी निकासी भएको बालुवाको ट्रक प्रहरीबाट पक्राउ गरी प्रति ट्रक जरिवाना रु.३ हजारमध्ये रु.१ हजार ५ सय कार्यालयको आम्दानी र रु.१ हजार ५ सय पक्राउ गर्ने प्रहरीहरुलाई पुरस्कार वितरण गर्ने निर्णय गरेको छ । कार्यालयले यो वर्ष बालुवा चोरी जरिवाना बापत रु.३ लाख ४२ हजार आम्दानी गरेकोमा रु.१ लाख ७१ हजार प्रहरीलाई पुरस्कार खर्च लेखेको छ । बालुवा चोरी निकासीको सम्पूर्ण जरिवाना रकम जिल्ला विकास कोषमा दाखिला गरी विनियोजन गरी खर्च लेख्ने व्यवस्था अवलम्बन गर्नुपर्ने देखियो ।

४९. **अधुरा योजना** – जिल्ला विकास समितिले उपलव्ध गराएको विवरण अनुसार यो वर्ष ४८० योजना सञ्चालन गरेकोमध्ये २४६(५१ प्रतिशत) योजना सञ्चालन हुन नसकी अधुरो रहेको छ । यी अधुरा योजनाहरुमा कार्यालयले रु.३ करोड ६५ लाख ४८ हजार लगानी गरेको छ । अधुरा योजनाको निर्माण कार्य समयमै सम्पन्न गरी हस्तान्तरण प्रक्रिया अगाडि बढाउनुपर्ने देखिन्छ ।

५०. **मोटरसाइकल तथा मोवाइल सेट फिर्ता** – जिल्ला विकास समितिको पदाधिकार समाप्त भईसकेका १३ पदाधिकारी तथा सदस्यले प्रतिगोटा रु.१३ हजार मूल्य पर्ने सामसुङ्ग मोवाइल सेट १३ तथा सरुवा भईसकेका २ कर्मचारीले मूल्य नखुलेको मोवाइल सेट २ र कर्मचारी १ ले हिरोहोण्डा मोटरसाइकल १ बुझेकोमा हाल निजहरुको पदावधि सकिएको र कर्मचारी अन्यत्र कार्यालयमा सरुवा भइ गएको अवस्थामा पनि उक्त सामान जिल्ला विकास समितिमा फिर्ता दाखिला गरेको पाइएन । जिल्ला विकास समितिले उक्त सामानहरु फिर्ता लिई जिन्सी सम्पत्तिको संरक्षण र समुचित उपयोग गर्नुपर्ने देखिन्छ ।

५१. **घर बिदाको रकम** – स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २४२ को उप नियम ४ र ५ मा स्थानीय निकायका कर्मचारीले आफुले पकाएको घर बिदा १८० दिनसम्म सञ्चित राख्नसक्ने र सेवाबाट अलग भएपछि खाईपाई आएको तलवको दरले सञ्चित बिदाको रकम भुक्तानी पाउने व्यवस्था छ । तर कार्यालयले निजामतीतर्फका ५ र जिल्ला विकास समिति कोषतर्फका ३१ समेत ३६ कर्मचारीलाई १८० दिनभन्दा बढी सञ्चित घर बिदा बापत रु.२ लाख ५१ हजार पदमा बहाल रहेकै अवस्थामा भुक्तानी दिएको नियम विपरित देखिएको छ ।

५२. **तिहार खर्च** – कार्यालयले यो वर्ष ७३ कर्मचारीलाई उनीहरुले खाईपाई आएको मासिक तलवको आधा रकमको दरले रु.२ लाख ३७ हजार तिहार खर्च लेखेको छ । स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को

नियम २६३ अनुसार कर्मचारीहरुलाई दशैं खर्च बाहेक अन्य प्रकारको चाड–पर्व खर्च दिनमिल्ने व्यवस्था गरेको छैन । विगत वर्षका लेखापरीक्षण प्रतिवेदनमा यसप्रकारको खर्च लेख्न नमिल्ने व्यहोरा उल्लेख गरेकोमा त्यसतर्फ सुधार नगरी यो वर्ष समेत खर्च लेख्नु उचित देखिएन ।

५३. **दरवन्दी भन्दा बढी कर्मचारी** – स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २१६(६) मा स्वीकृत दरवन्दी बाहेक कुनै पनि पदमा कर्मचारी नियुक्ति गर्न नपाइने व्यवस्था रहे तापनि ३ कर्मचारी दरवन्दी भन्दा बढी राखी रु.२ लाख ७४ हजार तलव खर्च लेखेको देखियो । यस सम्बन्धमा गत वर्षको प्रतिवेदनमा व्यहोरा उल्लेख हुँदा आगामी वर्ष यस्तो नहुने भनी प्रतिवद्धता जनाएकोमा यस वर्ष पनि सुधार भएको देखिएन ।

५४. **जीवन बीमा** – कार्यालयले सावधिक जीवन बीमा स्वरुप प्रत्येक कर्मचारीबाट मासिक रु.२ सय र कार्यालयले रु.२ सय थप गरी वार्षिक रु.४ हजार ८ सयका दरले खर्च लेखी नागरिक लगानी कोषमा जम्मा गरेकोमा पुन: जीवन बीमा बापत ३५ कर्मचारीलाई रु.२ लाख ६ हजार खर्च लेखी दोहोरो खर्च लेखेको छ । कार्यालयलाई दीर्घकालीन व्ययभार पार्ने र नियम कानुनमा व्यवस्था नभएको खर्च लेख्न नमिल्ने भनी गत विगत वर्षको लेखापरीक्षणमा बेरुजू औंल्याइएकोमा त्यसमा सुधार नगरी निरन्तरता दिनु नियम सम्मत देखिएन ।

५५. **बढी भुक्तानी** – जिल्ला विकास समितिले ११ गाउँ विकास समितिलाई बालुवा र ढुङ्गाबाट उठेको राजस्व रु.६६ लाख १० हजारको ३५ प्रतिशतले हुने रु.२३ लाख १४ हजारमात्र फिर्ता दिनुपर्नेमा रु.२३ लाख ८४ हजार फिर्ता दिएकोले रु.७० हजार बढी फिर्ता भुक्तानी दिएको रकम असुल गरी कोष दाखिला हुनुपर्दछ ।

५६. **मालपोत आम्दानी** – स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ५५(ख) र २२१(२)(ग) मा जिल्ला भित्रका गाउँ विकास समितिले मालपोत वा भूमीकरबाट उठेको आम्दानीको २५ प्रतिशत रकम जिल्ला विकास समितिलाई बुझाउनुपर्ने व्यवस्था छ । ३४ गाउं विकास समितिले यो वर्ष रु.१३ लाख ५६ हजार जिल्ला विकास समितिमा दाखिला गरेका छन् भने अन्य गाउं विकास समितिले दाखिला गरेको पाइएन । कार्यालयले गाउं विकास समिति र नगरपालिकाहरुबाट प्राप्त हुनुपर्ने मालपोतको अभिलेख नराखेकोले असुल भएको र हुनुपर्ने रकम पनि यकिन गर्न सकिएन ।

५७. **सम्पत्तिको संरक्षण** – थानकोट महादेवस्थान गाउं विकास समिति वडा नं.२ (ग) अन्तर्गत कित्ता नं.५५ मा जिल्ला विकास समिति काठमाडौंको नाममा रहेको ३२ रोपनी १४ आना जग्गा समितिले उपयोगमा ल्याएको देखिएन । साथै बलम्बु गाउं विकास समिति वडा नं. ६(ख) मा रहेको ४४ रोपनी जग्गा जिन्सी खातामा आम्दानी बाँधे तापनि जग्गाधनीपूर्जा प्राप्त गरेको देखिएन ।

५८. **संयुक्त समिति** – कवाडी मालसामान र फोहोर मैला व्यवस्थापन गर्न काठमाडौं, ललितपुर, भक्तपुर जिल्ला विकास समिति र फोहोरमैला स्रोत परिचालन केन्द्र समेतको संयुक्त समिति गठन भएको छ । समितिको काम कारबाही सम्बन्धमा देखिएका व्यहोरा यसप्रकार रहेको छन:

५८.१. **बिलम्ब शुल्क** – कवाडी मालसामान बोलपत्रद्वारा ठेक्का व्यवस्था गर्दा एक वर्षको रु.४ करोड ७३ लाख १५ हजार कवोल गर्ने एक ठेकेदारको ठेक्का स्वीकृत भएकोमा ३४८ दिनको रु.४ करोड ५१ लाख ११ हजार ४ किस्तामा बुझाउने गरी ठेक्का सम्झौता गरेको पाइयो । सम्झौतामा तोकिएको समयमा तोकिएको किस्ता बुझाउनुपर्ने उल्लेख गरे तापनि तोकिएको समयमा तोकिएको रकम जम्मा नगरेमा हुने जरिवाना वा कारबाही उल्लेख नभएकोले तोकिएको समयभन्दा २ महिनासम्म ढिलो किस्ता बुझाउने ठेकेदारलाई कुनै कारबाही वा हर्जाना लिएको छैन । अत: सम्झौता गर्दा तोकिएको अवधि भन्दा ढीलो दाखिला गर्ने ठेकेदारसँग हर्जाना लिने व्यवस्था अपनाउनुपर्ने देखियो ।

५८.२. **कवाडी सङ्कलन** – काठमाडौं उपत्यकाभित्र कवाडी सामान सङ्कलन गर्ने खुद्रा व्यावसायीहरुको संख्या ९ हजार, साना तथा ठूला कवाडी सङ्कलन केन्द्र (कवाडी पसल) ९ सय र ठेकेदार वा थोक बिक्रेताहरु करिव ५० को संख्यामा रहेको र यस किसिमको कारोबार गर्ने व्यावासायीहरु कुनै सरकारी वा गैर सरकारी निकायमा दर्ता नभई व्यावसाय सञ्चालन गरेको व्यहोरा कार्यालयको अध्ययन प्रतिवेदनबाट देखिएको छ ।

यस्ता कारोबार गर्ने व्यावसायीहरुलाई इजाजत पत्र दिई कारोबार व्यवस्थित गरी निजहरुले गरेको कारोबार समेत करको दायरामा ल्याउनुपर्ने देखियो ।

५८.३. **लगत बाँकी –** संयुक्त समितिले काठमाडौं उपत्यकाबाट निकासी हुने पशुपँक्षीको हाड, छाला, सिङ्ग, खुरको प्रति के.जि.रु.१।– तथा छाला प्रति थान रु.३।– का दरले कर उठाउने निर्णय गरेको छ । उक्त निर्णयबमोजिम २०६३ श्रावण १ गतेदेखि २०६३ कार्तिक २२ सम्म विभिन्न ११ फर्मसँग कर रु.१८ लाख ३७ हजार असुल हुन बाँकी रहेको देखियो । उक्त रकम असुल हुनुपर्दछ ।

५८.४. **आन्तरिक लेखापरीक्षण –** स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २३२(१) मा जिल्ला विकास समितिको आन्तरिक लेखापरीक्षण जिल्ला विकास समितिको आन्तरिक लेखापरीक्षण शाखाबाट हुने व्यवस्था छ । तर संयुक्त समितिको आन्तरिक लेखापरीक्षण तीनवटै जिल्ला विकास समितिको लेखा अधिकृत तथा लेखापालबाट गराई भत्ता स्वरुप रु.४५ हजार र सामग्री खरिद बापत रु.१८ हजार खर्च लेखेको पाइयो । अनाधिकृत व्यक्तिबाट आन्तरिक लेखापरीक्षण गर्नु विधिसम्मत देखिएन । साथै यसरी गरिएको लेखापरीक्षण प्रतिवेदनमा हाड, छाला, सिङ र प्वाँखको कर उठाउन प्रयोग भएका रसिदहरु भिडान नगरेको तथा बैङ्क मौज्दात समेत यकिन नगरेको उल्लेख छ । रसिद भिडान गर्ने तथा बैङ्क मौज्दात यकिन गर्ने कार्य समेत आन्तरिक लेखापरीक्षणबाट भएको पाइएन । आम्दानी, खर्च तथा बैङ्क मौज्दात स्पष्ट हुने गरी हिसाव नराखेकोमा आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा कुनै कुरा उल्लेख नभएकोले आन्तरिक लेखापरीक्षण भरपर्दो पनि देखिएन ।

५८.५. **पुरस्कार खर्च –** जिल्ला विकास समिति काठमाडौं, भक्तपुर, ललितपुर र फोहरमैला प्रवन्ध समिति समेतका १४ कर्मचारीलाई जनही रु.४ हजारका दरले रु.५६ हजार पुरस्कार खर्च लेखेको छ । नियममा व्यवस्था नगरी यस प्रकारको खर्च लेख्नु उचित देखिएन ।

उपर्युक्त व्यहोराको सम्बन्धमा कार्यालयले प्रतिक्रिया दिएको छैन ।

## जिल्ला विकास समितिको कार्यालय, ललितपुर

५९. **मालपोत –** स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ५५(ख) र दफा २२१(२)(ग) अनुसार गाउं विकास समिति तथा नगरपालिकाबाट सङ्कलित मालपोतको २५ प्रतिशत जिल्ला विकास समितिमा पठाउनुपर्ने व्यवस्था छ । कार्यालयले ललितपुर उप–महानगरपालिकाबाट गत विगतदेखि नै मालपोत असुलीको विवरण लिएको छैन । साथै ४१ गाउं विकास समितिबाट विवरण लिए पनि रु.६ लाख ४२ हजार असुल हुन बाँकी देखियो । उक्त रकम असुल हुनुपर्दछ ।

६०. **नापी किताव** – स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०५६ को नियम ७०(२)(ण) मा उपभोक्ता समितिले गरेको निर्माण कार्यको परिमाण र रकम नापी कितावमा प्रविष्ट गराई प्राविधिक मूल्याङ्कनको आधारमा किस्ता भुक्तानी दिने तथा प्राविधिक मूल्याङ्कन सहितको कार्यसम्पन्न र नापी कितावको आधारमा अन्तिम किस्ता भुक्तानी दिइने उल्लेख छ । तर कार्यालयले सडक, पाटी, खानेपानी आदि १३ योजनाका उपभोक्ता समितिलाई निर्माण कार्यको नापी किताव तयार नगरी रु.२२ लाख ६ हजार भुक्तानी दिएको पाइयो ।

६१. **कर्मचारी सुविधा** – स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २५०(३) मा स्थानीय निकायले आफ्नो स्रोत, साधन र प्रशासनिक बजेटको परिधिभित्र रही आफ्ना कर्मचारीहरुलाई स्थानीय भत्ता र अन्य सुविधा दिनसक्ने व्यवस्था छ । यस्तो सुविधा दिंदा स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०५६ को नियम ४५ मा प्रशासनिक खर्चको बजेट सीमाभित्र रहेर दिनुपर्ने उल्लेख छ । कार्यालयले कर्मचारीहरुलाई बडा दशैंको उपलक्ष्यमा प्रोत्साहन खर्च रु.२ लाख ४३ हजार, भत्ता तथा घर भाडा रु.१४ लाख ७८ हजार, सञ्चित विदाको तलव रु.१ लाख ३० हजार समेत रु.१८ लाख ५१ हजार खर्च लेखेकोले प्रशासनिक खर्चको सीमाभन्दा रु.१२ लाख ६४ हजार बढी खर्च गरेको छ ।। यस्तो खर्च नियन्त्रण हुनुपर्दछ ।

उपर्युक्त व्यहोराहरु सम्बन्धमा कार्यालयले प्रतिक्रिया दिएको छैन ।

## जिल्ला विकास समितिको कार्यालय, भक्तपुर

६२. **आर्थिक सहायता** – स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०५६ को नियम ४४ बमोजिम जिल्ला विकास समितिले कर, शुल्क, सेवा शुल्क, दस्तुर र भाडाबाट उठाएको कुल रकमको वार्षिक अधिकतम १ प्रतिशत वा रु.५० हजारसम्म सभापतिले आर्थिक सहायतामा खर्च गर्नपाउने व्यवस्था छ । समितिले यो वर्ष रु.२ करोड ६३ लाख १३ हजार उठाएकोमा नियमानुसार बढीमा रु.२ लाख ६३ हजार आर्थिक सहायता खर्च गर्नपाउनेमा रु.२७ लाख १० हजार खर्च गरेको छ । कार्यालयले आर्थिक विवरण तयार गर्दा रु.५० हजार आर्थिक सहायतातर्फ प्रस्तुत गरी दैवीप्रकोप सहयोग, क्लव, राजनैतिक दल, संगठन, उपभोक्ता, वातावरण एवं संघ संस्थालाई सहयोग अनुदान बापत आर्थिक सहयोग भनी रु.२६ लाख ४० हजार देखाएको छ । त्यस्तो आर्थिक सहयोग बापत खर्चको कार्यक्रम, प्रगति, बिल भरपाई पनि पेश गरेको छैन । यस सम्बन्धमा जिल्ला विकास समितिको निर्णय अनुसार रकम उपलव्ध गराएको भन्ने कार्यालयले जवाफ दिएको छ ।

६३. **मालपोत** – स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २२१(२)(ग) बमोजिम गाउं विकास समिति र नगरपालिकाले सङ्कलन गरेको मालपोतको २५ प्रतिशत जिल्ला विकास समिति कोषमा दाखिला गर्नुपर्नेमा जिल्लाको २ नगरपालिका र ९ गाउं विकास समितिबाट रु.१० लाख ८५ हजार मालपोत बापत रकम असुल गरेको छैन । यस सम्बन्धमा अनुदानबाट कट्टी गरी असुल गरिने जवाफ कार्यालयले दिएको छ ।

६४. **बिल बेगर खर्च** – स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०५६ को नियम ३८(५)बमोजिम खर्चको बिल भरपाई र प्रमाणित कागजात सहित लेखा राख्न र राख्न लगाउनुपर्ने व्यवस्था छ । कार्यालयले गणेश मन्दिर निर्माण, लोकन्थली ग्राभेल, मेडिकल कलेज, सरस्वतिखेल बाटो लगायत विभिन्न १३ निर्माण कार्यको लागि प्राविधिक बिल, नापी, जाँचपास, मूल्याङ्कन एवं कार्य सम्पन्न बेगर रु.२२ लाख ९ हजार खर्च लेखेको नियमसम्मत देखिएन । यस सम्बन्धमा ती निकायहरुलाई अनुदान स्वरुप उपलव्ध गराएकोले बिल भरपाई पेश नहुने जवाफ दिएको छ । तर त्यसरी अनुदान खर्च दिनु नियमसम्मत देखिएन ।

६५. **उपभोक्ताको योगदान** – स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०५६ को नियम ७०(२) बमोजिम उपभोक्ता समिति मार्फत काम गराउँदा उपभोक्ता समितिको अँश उल्लेख गर्नुपर्ने व्यवस्था छ । निर्माण कार्य गर्दा उपभोक्ता समितिले २० प्रतिशतले व्यहोर्नुपर्ने गरी सम्झौता गर्ने गरेको छ । तर जिल्ला विकास समितिले उपभोक्ताको योगदान बेगर कार्य गराउने गरेको देखियो । उदाहरणको लागि गोकुलघाट पुल संरक्षण, मच्छेनारायण नगरकोट बाटो निर्माण र बेसीखोला गाउं सडक कार्यको भुक्तानी गर्दा उपभोक्ता को योगदान कट्टा नगरी क्रमश: रु.८२ हजार, रु.१ लाख ५० हजार र रु.५ लाख ५० हजार नै जिल्ला विकास समितिले व्यहोरेको पाइयो । सो सम्बन्धमा चालु वर्षदेखि सुधार गरिने जवाफ प्राप्त भएको छ ।

## जिल्ला विकास समितिको कार्यालय, धादिङ

६६. **राजस्व मिनाहा** – ढुङ्गा, गिट्टी, कवाडी माल सामान, जडिवुटी लगायत १० ठेक्कामा ठेकेदारसँग सम्झौता गर्दा बन्द, हडताल, चक्का जाम वा अन्य कारण देखाई मिनाहा माग गर्न नपाउने उल्लेख छ । ७ ठेकेदारबाट रु.९६ लाख ७१ हजारको ठेक्का रकम सोही कारण जनाई मिनाहाको लागि माग भै आए अनुसार स्थानीय विकास मन्त्रालयको २०६४।२।६ को पत्रको आधारमा ठेक्का सम्झौता विपरित मिनाहा दिएको छ । ठेक्का सम्झौता विपरित असुल गर्नुपर्ने रकम मिनाहा दिएको नियम सम्मत देखिएन ।

## जिल्ला विकास समितिको कार्यालय, बारा

६७. **दशैं खर्च** – स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २६३ अनुसार स्थानीय निकायमा कार्यरत कर्मचारीहरुले खाइपाई आएको एक महिनाको तलव बराबरको रकम दशैं खर्च पाउने व्यवस्था भएकोमा कार्यालयले निर्णय गरी निजामती, स्थानीय विकास कोष र समितिर्फको कर्मचारीलाई सो बाहेक थप एक महिनाको दशैं खर्च बापत रु.५ लाख ४९ हजार खर्च लेखेको छ । कार्यालयले नियमले नपाउने थप सुविधा

भुक्तानी दिएको नियमित देखिएन । यस सम्बन्धमा जिल्ला विकास समितिको निर्णय अनुसार थप सुविधा दिएको जवाफ प्राप्त भएको छ ।

६८. **खरिद** – स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०५६ को नियम ५२बमोजिम रु.१ लाखभन्दा बढीको सामान सिलवन्दी दरभाउपत्रबाट खरिद गर्नुपर्नेमा गाडीको स्पेयरपार्टस र कम्प्युटर मर्मतमा रु.७ लाख ५० हजार सोझै खर्च लेखेको नियमित देखिएन ।

## जिल्ला विकास समितिको कार्यालय, पर्सा

६९. **बैङ्क हिसाव मिलान** – कार्यालयको धरौटी स्रेस्ता अनुसार रु.५६ लाख ६६ हजार मौज्दात देखिएकोमा बैङ्क हिसाव विवरण अनुसार रु.९४ लाख ६८ हजार मौज्दात देखिएको छ । बैङ्कमा स्रेस्ताभन्दा रु.३८ लाख २ हजार बढी मौज्दात भएकोमा स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०५६ को नियम ९०बमोजिम हिसाव मिलान गर्नुपर्दछ ।

७०. **सञ्चितकोष** – गाउं विकास समिति अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०६३ को ८(२)(ख) अनुसार २ प्रतिशत कन्टिन्जेन्सी कट्टा गर्नुपर्ने व्यवस्था छ । त्यसरी प्राप्त रकम सोही वर्ष खर्च हुन नसकेमा सञ्चितकोष दाखिला गर्नुपर्नेमा कार्यालयले खर्च नभएको रु.२ लाख ६२ हजार जिल्ला विकास कोषमा दाखिला गरेको छ । उक्त रकम सञ्चितकोष दाखिला गर्नुपर्दछ ।

७१. **दोहोरो भुक्तानी** – कार्यालयले कोनिया परवानीपुर कृषि सडकको लागि कृषि सडक कार्यक्रमबाट रु.५० हजार खर्च लेखिसकेकोमा पुन: कोषतर्फबाट पनि खर्च लेखेको पाइयो । त्यसैगरी २ गाउं विकास समितिका कर्मचारीलाई २०६३ भाद्र र आश्विन महिनाको तलव र दशैं खर्च बापत रु.३१ हजार र समितितर्फका विभिन्न कर्मचारीलाई दैनिक भत्ता र सवारी साधन भाडा रु.११ हजार समेत रु.९२ हजार दोहोरो भुक्तानी गरेको पाइयो । दोहोरो भुक्तानी गरेको उक्त सबै रकम असुल हुनुपर्दछ ।

७२. **घटी दाखिला** – कार्यालयले विभिन्न नगदी रसिदबाट रु.१० लाख ५४ हजार असुल गरेकोमा रु.१० लाख १८ हजार बैङ्क दाखिला गरेकोले रु.३६ हजार घटी दाखिला गरेको छ । उक्त रकम असुल हुनुपर्दछ ।

७३. **बिल भरपाई** – स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०५६ को नियम ३८(५)बमोजिम खर्चका बिल भरपाई र खर्चलाई प्रमाणित गर्ने कागजातहरु सहितको लेखा राख्न र राख्न लगाउनुपर्ने व्यवस्था छ । कार्यालयले सडक निर्माण र निर्माण सामग्री खरिदमा रु.१३ लाख ३ हजार र इन्धनमा रु.३ लाख बिल भरपाई एवं खर्च प्रमाणित गर्ने कागजात बेगर खर्च लेखेको पाइयो । उक्त करोबारको छानबिन गरी असुल हुनुपर्दछ ।

## जिल्ला विकास समितिको कार्यालय, मकवानपुर

७४. **अधुरा योजना** – कार्यालयबाट यो वर्ष सञ्चालित २५८ योजनामध्ये ६९ योजनामा रु.१ करोड ३१ लाख १९ हजार खर्च गरिसकेको छ तापनि ती योजनाहरु सम्पन्न नभई अधुरो रहेको पाइयो । सम्पन्न १८९ योजनामध्ये १२८ योजना हस्तान्तरण गरेको देखियो । अधुरा योजनाहरु यथाशिघ्र सम्पन्न गरी सम्पन योजनाहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्दछ ।

७५. **योजना कार्यान्वयन** – कार्यालयले विगत ३ वर्षमा ८६६ योजना छनौट गरेकोमध्ये ४४२ (५१ प्रतिशत) योजना सम्पन्न गरी, ३१२ (३६ प्रतिशत) योजना अधुरो राखेको पाइएकोले योजना कार्यान्वयनमा प्रभावकारिता ल्याउनुपर्ने देखियो । उदाहरणको लागि २०६१।६२ र २०६२।६३ मा जिल्ला परिषद्ले पारित गरेको चुच्चेखोला हर्नामाडी चक्रपथ, चुरिया नामटार सडक निर्माण र २०६३।६४ मा पारित गरेको पर्यटन गुरुयोजना र क्षेत्रीय अस्पताल भवन निर्माण कार्यान्वयन नभएको उल्लेखनीय छ ।

७६. **राजस्व मिनाहा** – आय ठेक्काका ९ ठेकेदारबीच २०६३।६४ को आय सङ्कलन गर्ने ठेक्का सम्झौतामा राजस्व रकम मिनाहा नदिने उल्लेख गरेकोमा बन्द हड्तालको कारण जनाई कार्यालयले रु.१४ लाख २१ हजार मिनाहा दिएको देखियो । सो सम्बन्धमा राजस्व मिनाहा गर्दा मन्त्रालयको सहमति, राजस्व परामर्श समितिको सिफारिस र सर्वदलीय संयन्त्रको सहमतिमा गरिएको कार्यायले जवाफ दिएको छ ।

७७. **बरबुझारथ** –स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०५६ को नियम ११५ अनुसार लेखापरीक्षणबाट कायम भएका बेरुजूको प्रमाण पेश गरी वा नियमित गरी वा गराई वा असुल उपर गरी फछ्र्यौट गर्ने दायित्व अधिकार प्राप्त अधिकारीको हुने र त्यस्तो कर्मचारी सरुवा, बढुवा वा अवकाश भई कार्यालय छाड्नुपर्दा फछ्र्यौट हुन बाँकी रहेको बेरुजू लगत तथा कारोबार सम्बन्धी कारबाहीको सम्पूर्ण विवरण खोली हालवालालाई बुझाउनुपर्ने र हालवालाले पनि उपर्युक्तबमोजिम बुझी लिई प्राथमिकताका साथ बेरुजू फछ्र्यौट गर्नु वा गराउनुपर्ने उल्लेख रहेकोमा कार्यालय प्रमुख २ पटक सरुवा भई जाँदा समेत उपर्युक्तानुसार बरबुझारथ गरेको पाइएन ।

७८. **मालपोत असुली** – स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ५५(ख) र दफा २२१ (२)(ग) अनुसार गाउँ विकास समिति तथा नगरपालिकाबाट सङ्कलित मालपोतको २५ प्रतिशत जिल्ला विकास समितिमा पठाउनुपर्ने व्यवस्था छ । कार्यालयको अभिलेख अनुसार २०६१।६२ मा ३८, २०६२।६३ मा ४० र २०६३।६४ मा ९ गाउँ विकास समितिबाट रु.१ लाख ४९ हजार मालपोत असुली गर्न बाँकी देखियो । २०६३।६४ मा बाँकी ३४ गाउँ विकास समिति र एक नगरपालिकाबाट सङ्कलित मालपोतको विवरण लिई मालपोतको २५ प्रतिशत रकम समेत असुल गर्नुपर्दछ । बाँकी रहेको मालपोत रकम असुल गरिने कार्यालयले जवाफ दिएको छ ।

७९. **तलवी प्रतिवेदन** – जिल्ला विकास समितिको कर्मचारी प्रशासन विनियम, २०५८ को विनियम ४४(१) अनुसार सचिवको सिफारिसमा सभापतिले प्रत्येक श्रावण महिनाभित्र स्वीकृत दरवन्दी भित्रका कर्मचारीको तलव र वार्षिक वृद्धि सहितको तलवी प्रतिवेदन पारित गरी तलव खर्च लेख्नुपर्नेमा नियमानुसार तलवी प्रतिवेदन पारित नगरी खर्च लेख्ने गरेको पाइयो । तलवी प्रतिवेदन पारित गरी खर्च लेख्ने व्यवस्था अपनाइने जानकारी कार्यालयले दिएको छ ।

## जिल्ला विकास समितिको कार्यालय, तनहूँ

८०. **सटर भाडा** – स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २१६(क) अनुसार आफुले निर्माण गरेको वा आफ्नो जिम्मामा रहेका सम्पत्ति भाडामा लगाई शुल्क असुल गर्नसक्ने व्यवस्था छ । सो अनुसार कार्यालयले भाडामा लाएका सटर तथा जग्गाको विगतको रु.५७ लाख ३९ हजार र यो वर्षको रु.३ लाख ५ हजार समेत रु.६० लाख ४४ हजार असुल गरेको पाइएन । उक्त रकम असुल हुनुपर्दछ ।

८१. **बिल भरपाई** – स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०५६ को नियम ३८(५) अनुसार खर्च लेख्दा खर्चलाई पुष्ट्याई गर्ने प्रमाण कागजात संलग्न गरी मात्र खर्च लेख्नुपर्नेमा कार्यालयले अन्तरिम परिषद्को २०६४।१।२५ र २६ गतेको कार्यक्रममा सहभागी पदाधिकारीहरुलाई भत्ता वितण गरेको भनी रु.१ लाख बिल भरपाई बेगर खर्च लेखेको छ । यस सम्बन्धमा २०६४।८।६ मा प्रतिक्रिया प्राप्त भए तापनि सम्परीक्षणका लागि प्रमाण पेश गरेको छैन ।

## जिल्ला विकास समितिको कार्यालय, स्याङ्गजा

८२. **मालपोत असुली** – गाउँ विकास समिति र नगरपालिकाबाट प्राप्त हुनुपर्ने मालपोतको अभिलेख अद्यावधिक खडा गरी राख्नुपर्ने व्यवस्था स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ५५(ख) र २२१(२)(ग) मा उल्लेख छ । मालपोत आम्दानी वापत यो वर्ष ६० गाउँ विकास समिति र २ नगरपालिकाबाट रु.१ लाख ५ हजार प्रस्तावित आय अनुमान गरेकोमा रु.२८ हजारमात्र प्राप्त भएको छ । जिल्लास्थित गाउँ विकास समिति तथा

नगरपालिकाबाट प्राप्त हुनुपर्ने मालपोत रकम यकिन गरी नियमानुसार जिल्ला विकास समिति कोषमा दाखिला गर्नुपर्ने व्यवस्था अवलम्बन गर्नुपर्ने देखियो ।

## जिल्ला विकास समितिको कार्यालय, गोरखा

८३. **केबुलकार आम्दानी** – गोरखा जिल्लामा सञ्चालित मनकामना केवुलकारका सञ्चालक मनकामना दर्शन प्रा.लि., जिल्ला विकास समिति चितवन र गोरखाबीच त्रिपक्षीय सम्झौतामा केवल कारको दस्तुरको लेखाङ्कन विधितय गरी मासिक वा वार्षिक हिसाव तयार गरी प्राप्त हुने रकमको २ प्रतिशतको रकम गोरखा र चितवन जिल्लाले बराबर प्राप्त गर्ने व्यवस्था मिलाउनुपर्नेमा केवल कार बापत उक्त प्रा.लि.ले असुल गरेको कुल रकम नै नदर्शाई एकमुष्ट रु.७ लाख ६१ हजार गोरखा जिल्ला विकास समितिमा पठाएकोमा सोही रकमलाई नै आम्दानी कायम गरेको उपयुक्त देखिएन ।

८४. **मालपोत आम्दानी** – गाउँ विकास समिति र नगरपालिकाबाट प्राप्त हुनुपर्ने मालपोतको अभिलेख अद्यावधिक खडा गरी राख्नुपर्ने व्यवस्था स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ५५(ख) र २२१(२)(ग) मा उल्लेख छ । मालपोत असुलीको विवरण बेगर समितिले यो वर्ष मालपोत आम्दानी वापत रु.५३ हजार आम्दानी बाँधेको पाइयो ।

८५. **आर्थिक सहायता** – यो वर्ष जिल्ला विकास समितिले पूँजीगत कोष शीर्षकबाट विभिन्न संघ, संस्थाहरुलाई रु.९ लाख ३५ हजार आर्थिक सहायता दिएको देखियो । आर्थिक सहायता वितरण सम्बन्धी मापदण्ड र नीति बेगर सहायता खर्च लेख्नु नियमसम्मत देखिएन ।

## जिल्ला विकास समितिको कार्यालय, नवलपरासी

८६. **मालपोत** – स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ५५(ख) र दफा २२१(२)(ग) अनुसार गाउँ विकास समिति तथा नगरपालिकाबाट सङ्कलित मालपोतको २५ प्रतिशत जिल्ला विकास समितिमा पठाउनुपर्ने व्यवस्था छ । कार्यालयले १९ गाउँ विकास समितिबाट रु.१ लाख १८ हजार असुल गरेको छैन । उक्त रकम असुल गर्नुपर्दछ ।

८७. **म्याद थप** – स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०५६ को नियम ७०(२)(ढ) अनुसार उपभोक्ता समितिले जिम्मा लिएको काम निर्धारित समयमा समाप्त नभएमा कारण सहित थप म्याद माग गर्नुपर्ने र यसरी म्याद थप माग भएमा स्थानीय निकायले म्याद थप गर्नसक्ने उल्लेख छ । कार्यालयले तोकिएको म्यादभित्र कार्यसम्पन्न गर्न नसकेका उपभोक्ता समितिलाई म्याद थप गर्दा अवधि नतोकी म्याद थप दिने गरेको पाइयो ।

८८. **महिला सदस्य** – स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०५६ को नियम ७०(२)(ठ) अनुसार उपभोक्ता समितिद्वारा स्थानीय आयोजना वा कार्यक्रम सञ्चालन गराउँदा आयोजनाबाट प्रत्यक्ष लाभ पाउने उपभोक्ताको समूहबाट सम्बन्धित स्थानीय निकायले उपभोक्ता समिति गठन गर्ने र त्यस्तो समितिको कुल सदस्यमध्ये ३० प्रतिशत महिला सदस्य हुनुपर्ने उल्लेख छ । उदाहरणको लागि ८ उपभोक्ता समिति मार्फत विभिन्न निर्माण कार्य गराउँदा शून्यदेखि २० प्रतिशतसम्म महिला सदस्य राखेको पाइयो ।

## जिल्ला विकास समितिको कार्यालय, मुस्ताङ

८९. **गाउँ विकास समितिको लेखापरीक्षण** – स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०५६ को नियम ४९(ग) अनुसार गाउँ विकास समितिको आन्तरिक लेखापरीक्षण जिल्ला विकास समितिको आन्तरिक लेखापरीक्षण शाखाले गर्नुपर्ने र सोही नियमावलीको नियम ५० अनुसार अन्तिम लेखापरीक्षक छनौट गर्न गठित समितिको सिफारिसमा अन्तिम लेखापरीक्षक छनौट गर्नुपर्नेमा समितिको सिफारिस बेगर एक लेखापरीक्षकलाई १६ गाउँ विकास समितिको आन्तरिक तथा अन्तिम लेखापरीक्षण गर्न नियुक्ति गरी रु.६४

हजार पारिश्रमिक खर्च लेखेको छ । आन्तरिक तथा अन्तिम लेखापरीक्षणको सामान्य सिद्धान्त तथा स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०५६ ले निर्दिष्ट गरेको प्रक्रियाको पालना नगरी गरिएको कार्य नियमसम्मत देखिएन ।

## जिल्ला विकास समितिको कार्यालय, रुकुम

९०. **घटी बैङ्क मौज्दात** – कार्यालयको स्रेस्ताले रु.२ करोड ४० लाख ६९ हजार मौज्दात देखाएकोमा बैङ्क विवरण अनुसार रु.१ करोड ८४ लाख ४६ हजार मौज्दात देखिएकोले स्रेस्ताभन्दा बैङ्क मौज्दात रु.५६ लाख २३ हजार घटी देखिएको छ । सोको हिसाव मिलान गर्नुपर्दछ ।

## जिल्ला विकास समितिको कार्यालय, रोल्पा

९१. **हिसाव मिलान नभएको** – कार्यालयको स्रेस्तानुसार रु.७१ लाख ६९ हजार मौज्दात देखाएकोमा बैङ्क विवरण अनुसार रु.७९ लाख ६८ हजार मौज्दात देखाएको छ । स्रेस्ताभन्दा बैङ्कमा रु.७ लाख ९९ हजार बढी मौज्दात भएकोमा हिसाव मिलान गरेको छैन ।

९२. **अनियमित भुक्तानी** – कार्यालयले २०६३ फागुन मसान्तसम्ममा जिल्लाको वस्तुस्थिति झल्काउने वृत्तचित्र निर्माण गर्न एक संस्थासँग रु.१ लाख ५० हजारमा सम्झौता गरेको छ । सो कार्यको भुक्तानी गर्दा अग्रिम कर कट्टी गरी वृत्तचित्रको प्रति आम्दानी गरेरमात्र भुक्तानी दिनुपर्नेमा वृत्तचित्र प्रति प्राप्त नगरी तथा सम्झौता अनुसार कार्य सम्पन्न भएको प्रमाण बेगर २०६४।३।२१ मा रु.१ लाख ६० हजार भुक्तानी दिएको नियममम्मत देखिएन । वृत्तचित्र प्राप्त गरी बढी भुक्तानी रु.१० हजार रकम असुल गरी नियमानुसार अग्रिम कर समेत कट्टा हुनुपर्दछ ।

## जिल्ला विकास समितिको कार्यालय, सल्यान

९३. **बढी भुक्तानी** – घनवाङ गाउँ विकास समिति मुलपानी शौचालय तथा गोवरग्याँस प्लान्ट निर्माणको लागत अनुमान रु.१५ लाख ९७ हजारमध्ये उपभोक्ता समितिसँग भएको सम्झौतानुसार उपभोक्ता समितिले रु.७ लाख८ हजार व्यहोर्नुपर्नेमा रु.५ लाख ९३ हजारमात्र व्यहोरी रु.१ लाख १५ हजार जिल्ला विकास समितिले व्यहोरेको पाइयो । उपभोक्ता समितिले व्यहोर्नुपर्ने रकम कार्यालयले व्यहोरी थप व्ययभार पार्नु उचित देखिएन ।

## जिल्ला विकास समितिको कार्यालय, दाङ्ग

९४. **घटी दाखिला** – कार्यालयले नगदी रसिदबाट रु.३ लाख ४६ हजार असुल गरेकोमा रु.३ लाख १३ हजारमात्र दाखिला गरेकोले रु.३३ हजार घटी दाखिला गरेको छ । यस सम्बन्धमा कार्यालयले सम्बन्धित कर्मचारीसँग पत्राचार गरी असुल गर्न कारबाही भैरहेको जानकारी दिएको छ ।

## जिल्ला विकास समितिको कार्यालय, प्युठान

९५. **भाडा असुली** – कार्यालयले एक्साभेटर भाडामा लगाउने सम्झौतामा रु.७ लाख २२ हजार भाडा असुल गर्नुपर्नेमा रु.६ लाख ७६ हजारमात्र असुल गरेकोले रु.१ लाख १५ हजार घटी भाडा असुल गरेको छ । उक्त रकम असुल गर्नुपर्दछ । यस सम्बन्धमा कार्यालयले असुलीतर्फ कारबाही भइरहेको जवाफ दिएको छ ।

## जिल्ला विकास समितिको कार्यालय, सुर्खेत

९६. **एक्साभेटर** – स्थानीय विकास मन्त्रालयबाट २०६१।७।१६ मा प्राप्त भएको एक्साभेटर सञ्चालनको लागि कार्यविधि तयार नगरेको भनी गत वर्षको प्रतिवेदनमा उल्लेख गरेकोमा यो वर्ष पनि कार्यविधि तयार नगरी चालु वर्षमा उक्त मेशीन प्रयोग गरे वापत रु.१४ लाख ५० हजार आम्दानी देखाएको छ ।

## जिल्ला विकास समिति, बाँके

९७. **थप उपदान** – जिल्ला विकास समितिको २०६३।३।२७ को निर्णय अनुसार कार्यालयका २५ वर्ष सेवा अवधि पूरा गरेका एक सह लेखापाललाई थप सुविधा पाउनसक्ने विषयको पत्रिकामा ७ दिने सूचना प्रकाशन गरी सेवा गरेको ३१.८२ वर्षका लागि खाईपाई आएको मासिक तलव रु.५ हजार ८ सयले हरेक वर्षको २१/२ महिनाको उपदान रकम रु.४ लाख ६१ हजार भुक्तानी दिएको छ । साथै निजले ५८ वर्ष सेवा पुऱ्याउन बाँकी अवधि ८.४८ वर्षको लागि हरेक वर्षको २१/२ महिनाको तलवको दरले रु.१ लाख २३ हजारको ६० प्रतिशतले हुन आउने रु.७४ हजार थप उपदान वापत भुक्तानी दिएको छ । यसरी सेवा पुऱ्याउन बाँकी अवधिको उपदान सुविधा दिनपाउने व्यवस्था स्थानीय स्वायत्त शासन ऐन, २०५५ र नियमावली, २०५६ मा समेत नभएकोले सो रकम असुल गरिनुपर्दछ । यस सम्बन्धमा कार्यालयले समितिको २०६३।३।२७ को निर्णय अनुसार आफ्नो स्रोत साधनबाट खर्च लेखेको भन्ने जवाफ दिएको छ ।

९८. **आर्थिक सहायता** – स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०५६ को नियम ४४ ले आर्थिक सहायता खर्च लेख्दा कोषतर्फको चालु खर्च शीर्षकबाट मात्र दिनमिल्ने व्यवस्था छ । जिल्ला विकास समितिले राजस्व बाँडफाँडबाट प्राप्त रकम आर्थिक सहायता बापत ६६ संघ, संस्थालाई रु.५ लाख ९७ हजार खर्च लेखेको छ । यस सम्बन्धमा वार्षिक कार्यक्रममा समावेश गरेर खर्च लेखेको भन्ने जवाफ कार्यालयले दिएको छ । तर यसरी खर्च दिन मिल्ने देखिँदैन ।

९९. **प्रशासनिक कार्यमा खर्च** – ग्रामीण पहूँच सुधार तथा विकेन्द्रीकरण कार्यक्रमतर्फको अन्तरराष्ट्रिय विकास कोषबाट प्राप्त रकम कार्यालयले २०६२।६३ को प्रशासनिक कार्यमा रु.११ लाख ४३ हजार खर्च गरेको छ । विश्व बैङ्कसँग भएको सम्झौता अनुसार सो रकम शोधभर्ना प्राप्त नहुने र उक्त रकम क.१–६ बेरुजू खातामा दाखिला नगरेमा तेस्रो चौमासिक निकासा नै नहुने भनी ग्रामीण पहूँच सुधार तथा विकेन्द्रीकरण परियोजना समन्वय इकाई, ललितपुरको २०६३।१२।२७ को पत्रको आधारमा कार्यालयले उक्त रकम कोषतर्फ खर्च लेखी ग्रामीण पहूँच सुधार विकास कार्यक्रमतर्फ हिसाव मिलान गरेको छ । राजस्व बाँडफाँडबाट प्राप्त भएको रकम विकास निर्माण कार्यमा मात्र खर्च लेख्नुपर्नेमा प्रशासनिक कार्यमा खर्च लेखेको नियमित देखिएन ।

- **स्थानीय विकास कोष**

१००. **भाखा नाघेको ऋण** – कोषबाट विभिन्न कार्यक्रमको लागि लगानी गरेको ऋण रु.५५ लाख २५ हजार भाखा नाघी सकेको अवस्थामा पनि साँवा र व्याज असुल उपर गरेको पाइएन । समयमै ऋण र सोको व्याज असुल उपर हुनुपर्दछ ।

## जिल्ला विकास समितिको कार्यालय, हुम्ला

१०१. **अनियमित खर्च** – स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०५६ को नियम ३८(५) बमोजिम खर्चका बिल भरपाई र खर्चलाई प्रमाणित गर्ने कागजातहरु सहितको लेखा राख्न र राख्न लगाउनुपर्नेमा बिल भरपाई र प्रमाण कागजात बेगर एक मन्त्री हेलिकोप्टरबाट हिल्सा सिमिकोट मोटर बाटो निरीक्षण गर्दाको रु.२ लाख ६५ हजार खर्च लेखेको नियमसंगत देखिएन । हेलिकोप्टर चार्टर बापतको रकम एयरलाइन्सलाई भुक्तानी दिएको भन्नेसम्मको जवाफ कार्यालयले दिएको छ । तर प्रमाण पेश गरी सम्परीक्षण गराएको छैन ।

## जिल्ला विकास समितिको कार्यालय, कैलाली

१०२. **नापी** – स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०५६ को नियम ७०(२)(ण) मा उपभोक्ता समितिले गरेको निर्माण कार्यको मूल्याङ्कन र नापी किताबको आधारमा अन्तिम किस्ता भुक्तानी दिने उल्लेख छ । कार्यालयले मसुरिया हसुलिया सडक निर्माण कार्यको नापी किताव तथा प्राविधिक मूल्याङ्कन तयार नगरी उपभोक्ता समितिलाई रु.२ लाख २३ हजार भुक्तानी दिएको नियमसम्मत देखिएन ।

१०३. **खर्चको प्रमाण** – स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०५६ को नियम ३८(३) अनुसार खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्नेमा कार्यालयले सुख्खड भजनी सडक र अम्वासा लालवोझी सडक सर्भेक्षण गरेको उल्लेख गरी २ कर्मचारीलाई बिल भरपाई र सर्भेक्षण प्रतिवेदन बेगर रु.२ लाख ५२ हजार खर्च लेखेको देखियो ।

उल्लेखित व्यहोरा सम्बन्धमा कार्यालयले कुनै जवाफ दिएको छैन ।

## जिल्ला विकास समितिको कार्यालय, डोटी

१०४. **भाडा** – कार्यालयको एक्साभेटर भाडामा लगाउनु पर्दा (अवधि निश्चित गरी) भाडा बराबरको रकम धरौटीमा जम्मा गर्न लगाएर मात्र भाडामा दिनुपर्नेमा तदनुरुप नगरी ३ ठेकेदारलाई भाडामा दिएकोमा २ ठेकेदारबाट रु.१० लाख ३३ हजार असुल गर्न बाँकी देखियो । एक ठेकेदारले उपयोग गरेका अवधि तथा रकम खुल्न आएन । अत: भाडाको अभिलेख तयार गरी उक्त रकम असुल उपर हुनुपर्दछ । यस सम्बन्धमा कार्यालयले ताकेता गरी असुल गर्नेतर्फ कारबाही भइरहेको जवाफ दिएको छ ।

## जिल्ला विकास समितिको कार्यालय, कञ्चनपुर

१०५. **धरौटी फिर्ता** – स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०५६ को नियम ८९बमोजिम धरौटी फिर्ता लिनपाउने म्याद तोकिएकोमा सोही म्यादभित्र एवं म्याद नतोकिएकोमा जुन कामको लागि धरौटी राखिएको हो सो काम समाप्त भएको मितिले एक वर्षभित्र हिसाव मिलान गर्नुपर्ने व्यवस्था छ । तर कार्यालयले १२ राजस्व ठेकेदारको धरौटी निजहरुको काम सम्पन्न हुनु अगावै किस्ता मिलान गरेको पाइयो । धरौटी बापत राखेको रु.६ लाख २० हजार तोकिएको कार्यसम्पन्न गरी आयकर चुक्ता प्रमाण पेश गरेपछिमात्र फिर्ता गर्नुपर्नेमा तदनुरुप नगरी धरौटी फिर्ता गरेको नियमसम्मत देखिएन ।

१०६. **प्रतिस्पर्धा बेगर खरिद** – स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०५६ को नियम ५२(२) बमोजिम रु.१ लाखभन्दा बढीको खरिद एवं निर्माण कार्य शिलवन्दी दरभाउपत्रबाट गर्नुपर्नेमा समितिले कम्प्युटर र यू. पी.एस., ह्यूम पाइप खरिद तथा सडक निर्माण बापत रु.७ लाख ५१ हजारको कार्य ३ ठेकेदारबाट सोझै खरिद एवं निर्माण गरी खर्च लेखेको नियमित देखिएन ।

- **स्थानीय विकास कोष**

१०७. **हिसाव मिलान** – कोषको स्रेस्तानुसार रु.२० लाख ५२ हजार मौज्दात देखिएकोमा बैङ्क विवरणले अनुसार रु.१९ लाख ११ हजार मौज्दात देखाएको छ । स्रेस्ताभन्दा बैङ्कमा रु.१ लाख ४१ हजार घटी मौज्दात भएकोमा हिसाव मिलान गरेको छैन ।

कार्यालयले उल्लेखित व्यहोराहरुको सम्बन्धमा प्रतिक्रिया दिएको छैन ।

## बेरुजू फछ्र्यौटका प्रयास र उपलव्धी

१०८. स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०५६ को नियम ११६ मा आन्तरिक वा अन्तिम लेखापरीक्षणबाट देखिएका बेरुजू म्याद तोकिएको भए सो म्यादभित्र र नतोकिएकोमा ३५ दिनभित्र फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । यो वर्ष लेखापरीक्षण सम्पन्न ७५ जिल्ला विकास समितिमध्ये ५३ समितिबाट तोकिएको म्यादभित्र जवाफ प्राप्त भएको छ । जवाफ प्राप्त भएकोमा पनि अधिकांशबाट फछ्र्यौट गर्न मिल्ने प्रमाण पेश भएको छैन । समयमै जवाफ दिन नसकेकोमा जिल्ला विकास समिति ताप्लेजुङले म्याद थप मागेको छ । जवाफ नदिने कर्मचारीलाई सम्बन्धित निकायले जरिवाना वा विभागीय कारबाहीका लागि सिफारिस गर्नुपर्ने नियममा व्यवस्था छ । तर सो अनुसार कारबाहीको लागि सिफारिस गरेको जानकारी प्राप्त भएन । यो वर्ष ९ जिल्ला विकास समितिले विभिन्न आर्थिक वर्षको रु.३ करोड ४७ लाख ६८ हजार बेरुजू फछ्र्यौट गरी सम्परीक्षण गराएका छन् । फछ्र्यौट नगर्ने जिम्मेवार व्यक्ति उपर प्रचलित कानुनबमोजिम दण्ड जरिवाना हुनुपर्दछ ।

स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १९४(ञ) अनुसार लेखापरीक्षण र बेरुजू फछ्र्यौट सम्बन्धमा आवश्यक कारबाही गर्ने गराउने कार्य जिल्ला विकास समितिका सचिवको हुने र स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०५६ को नियम १३४(१)(घ) अनुसार अन्तिम लेखापरीक्षणबाट कायम हुन आएका बेरुजूको लगत राख्ने र बेरुजू फछ्र्यौटका लागि प्रमाण पेश गर्ने वा गराउने काम कर्तव्य जिल्ला विकास समितिका आर्थिक प्रशासन शाखा प्रमुखको हुने व्यवस्था छ । तर अधिकांश जिल्ला विकास समितिले बेरुजू लगत अद्यावधिक राखी फछ्र्यौटका लागि प्रमाण पेश गर्ने गरेको छैन ।

१०८.१. स्थानीय विकास कोष विनियमावली अनुसार लेखापरीक्षणबाट कायम भएका बेरुजू उपर जिल्ला परिषद्मा छलफल गरी नियमित गर्न मिल्ने बेरुजू भएमा बेरुजू फछ्र्यौटको लागि निर्देशन दिनुपर्ने र निर्देशनबमोजिम फछ्र्यौट गर्नुपर्ने व्यवस्था भएकोमा सोको पालना भएको देखिएन ।

१०८.२. **बेरुजू फछ्र्यौट र सम्परीक्षण** – जिल्ला विकास समितिको कार्यालय, ललितपुरले स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०५६ को नियम ४४, ४५ र ४६ ले तोकेको सीमाभन्दा बढी खर्च गरेको आर्थिक सहायता, प्रशासनिक खर्च र भैपरी आउने खर्च जिल्ला परिषद्बाट समर्थन गराई फछ्र्यौट गरेको छ । स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १८८(४) अनुसार लेखा समिति नरहेकोले स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०५६ को नियम ११७(ख) अनुसारको समिति गठन हुननसक्दा नियम ११७(ग) अनुसार छानबिन र सिफारिस समेत हुनसकेको छैन । उक्त समितिको छानबिन र सिफारिस नगराई जिल्ला परिषद्ले बेरुजू फछ्र्यौट गरेको रु.१ करोड ५ लाख ८६ हजार बेरुजू ऐन तथा नियमावलीको प्रक्रिया नपुगेको कारण सम्परीक्षण भएन ।

## लेखापरीक्षण सम्बन्धमा भविष्यमा गर्नुपर्ने सुधार

स्थानीय क्षेत्रको विकासको लागि साधनको परिचालन, विनियोजन र विकासको प्रतिफलको सन्तुलित तथा समान वितरणमा सामाजिक समानता ल्याउने कार्यमा जनजाति, आदिवासी, दलित र सामाजिक तथा आर्थिक दृष्टिकोणले पिछडिएका वर्ग समेत समग्र जनताको सहभागितामा अभिवृद्धि गर्दै विकास प्रक्रियालाई संस्थागत गर्ने उद्देश्य परिपूर्तिको लागि स्वतन्त्रता, निष्पक्षता र विश्वसनीयता कायम राख्दै कानुन प्रदत्त अधिकारलाई सकारात्मक रुपमा प्रवर्द्धन गरी सार्वजनिक वित्तीय व्यवहारलाई स्वच्छ, जवाफदेहीपूर्ण एवं पारदर्शी बनाई जिल्ला परिषद् र जिल्ला विकास समितिलाई सहयोग पुऱ्याउनका लागि लेखापरीक्षण महत्वपूर्ण विधि हो । स्थानीय निकायको वित्तीय क्रियाकलाप कानुनसम्मत, पारदर्शी र विकासमुखी तुल्याउन लेखापरीक्षणलाई पद्धतिमा आधारित बनाउने, लेखापरीक्षणमा संलग्न कर्मचारीलाई निर्देशित गर्न एवं लेखा तथा लेखापरीक्षण कार्यको गुणस्तर कायम गर्न निम्नानुसार हुन जरुरी देखिएको छः

१०९. **स्थानीय निकाय लेखापरीक्षण सम्बन्धी सामान्य निर्देशिका** – स्थानीय निकायको लेखापरीक्षणमा संलग्न हुने लेखापरीक्षकलाई स्थानीय स्वायत्त शासन ऐन, २०५५ र सो अन्तर्गत बनेका नियमावलीहरुले गरेका व्यवस्थाका सम्बन्धमा जानकारी गराई तदनुरुप लेखापालन भए नभएको निश्चित गरी लेखापरीक्षण कार्य सम्पादन गर्न गराउन लेखापरीक्षणसँग सान्दर्भिक अन्य विषय समेत समावेश गरी कार्यालयको आन्तरिक प्रयोजनका लागि स्थानीय निकाय लेखापरीक्षण सामान्य निर्देशिका तयार गर्नु आवश्यक देखिएको छ ।

११०. **वैदेशिक सहायताको लेखापरीक्षण सम्बन्धी निर्देशन** – प्राप्ति प्रक्रियामा आएको व्यापकता र विभिन्न दातृ संस्थाहरुको संलग्नताका कारणले गर्दा सेवा तथा प्राप्ति व्यवस्था क्रमिकरुपमा जटिल हुँदै गईरहेको छ । त्यसैले स्थानीय निकायको प्राप्ति तथा सेवा प्रवाहको लेखापरीक्षण कार्यलाई सरल, स्पष्ट र उद्देश्यपूर्ण बनाउन त्यस सम्बन्धी विशेष निर्देशनको आवश्यकता देखिएको छ ।

१११. **स्थानीय निकाय लेखापालन र आर्थिक व्यवस्थापन सम्बन्धी परीक्षण सूची** – स्थानीय स्वायत्त शासन ऐन, २०५५ र सो अन्तर्गत बनेका स्थानीय स्वायत्त शासन नियमावली, २०५६ र स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०५६ ले स्थानीय निकायको लेखापालन र आर्थिक व्यवस्थापनका सम्बन्धमा विविध व्यवस्था गरेको छ । लेखापरीक्षणका क्रममा ध्यान दिनुपर्ने उल्लिखित व्यवस्थाका सम्बन्धमा सबैलाई

जानकारी गराई लेखापरीक्षण कार्य तदनुसार सम्पन्न गराउन लेखापरीक्षण औजारकोरुपमा परीक्षण सूची तयार गर्नुपर्ने देखिएको छ ।

११२. **स्थानीय निकाय लेखाप्रणालीमा आवश्यक सुधार** – स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०५६ मा आर्थिक विवरणको ढाँचा तोकिएको छ तापनि स्थानीय निकायले त्यसअनुसार वित्तीय विवरण तयार गर्ने गरेका छैनन् । नियमले तोकेअनुसारको वित्तीय विवरण तयार नहुँदा लेखापरीक्षण कार्य जटिल हुन गएको छ । वित्तीय विवरण तयार नहुँदै भौचिङ कार्य शुरु गर्ने गरेकोमा लेखापरीक्षण अवधि समाप्त हुँदासम्म पनि ती निकायले वित्तीय विवरण दिने गरेको छैन । यसले गर्दा लेखापरीक्षण कार्य चुनौतिपूर्ण हुन गएकोले स्थानीय निकायको लेखा व्यवस्थाको सम्बन्धमा ठोस नीति निर्देशन तयार गर्नु जरुरी देखिएको छ ।

११३. **लेखापरीक्षकको ज्ञान र सीप विकास** – सिमित स्रोत र साधनबाट चुनौतीको रुपमा रहेको स्थानीय निकायको लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गर्न दक्ष जनशक्तिको आवश्यकता रहन्छ । सोलाई पूरा गर्न मित्रराष्ट्रका स्थानीय सरकारको लेखापरीक्षण बारे जानकारी समेत गराउन उपलव्ध जनशक्तिलाई अध्ययन, तालिम, गोष्ठीको माध्यमबाट समय सापेक्ष बनाई राख्नुपर्ने हुन्छ । कार्यालयका कर्मचारीको सीप, ज्ञान र दक्षता अभिवृद्धि गर्न समय समयमा आवश्यकतानुसार राष्ट्रिय तथा अन्तरराष्ट्रियस्तरको तालिम, गोष्ठी आदि उपलव्ध गराउनु आवश्यक देखिन्छ ।

११४. **लेखापालन सफ्टवयर** – जिल्ला विकास समितिहरुमा लेखाप्रणाली सम्बन्धी सफ्टवयर तयार गरी सोही अनुसार लेखा राख्न थालिएको छ । यसरी सफ्टवयर मार्फत लेखाङ्कन गर्न शुरु गरिए पनि अधिकांश कार्यालयहरुले सफ्टवयर प्रयोग गरी लेखा राख्ने एवं वित्तीय विवरण तयार गर्ने गरेको नपाइएकोले सफ्टवयर पूर्ण उपयोग गर्नुपर्ने देखिन्छ । साथै यान्त्रिक लेखाङ्कन शुरु गरेकोमा त्यसको परीक्षण गर्ने लेखापरीक्षकहरुलाई समेत कम्प्युटर सूचना प्रणाली मार्फत लेखापरीक्षण गर्ने सम्बन्धी विधि एवं तरिका सम्बन्धमा प्रशिक्षण एवं तालिम दिइनुपर्दछ ।